# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २५९ | काठमाडौं | मंगलबार, ०१ माघ २०८१ | Prabhab National Daily | Tuesday, January 14, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# अर्को अध्यादेशको तयारीमा सरकार



- राजनीतिक दलसम्बन्धी कानुनलाई सच्याउनुपर्ने आवश्यकता भएको उल्लेख गर्दै अर्को अध्यादेश बाँकी रहेको प्रधानमन्त्री केपी शर्मा ओलीको भनाइ
- संसद् बन्द गरेर मन्त्रिपरिषद्ले सिफारिस गरेको पाँचमध्ये चार अध्यादेश राष्ट्रपतिद्वारा जारी
- भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश भने संवेदनशील भन्दै राष्ट्रपतिले रोके

■ प्रभाव संवाददाता

**काठमाडौं–** संसद् बन्द राखेर एकैपटक पाँचवटा अध्यादेश ल्याएको केपी शर्मा ओली नेतृत्वको सरकारले अर्को अध्यादेश ल्याउने तयारी गरेको छ । प्रधानमन्त्री ओलीले चाँडै नै राजनीतिक दलसम्बन्धी अध्यादेश ल्याउने संकेत गरेका हुन् ।

यसअघि पटक-पटक चर्चामा ल्याएको राजनीतिक दलसम्बन्धी कानुनलाई अध्यादेशमार्फत ल्याउन खोजेका हुन् । ओलीले राजनीतिक दलसम्बन्धी कानुनलाई सच्याउनुपर्ने आवश्यकता भएको उल्लेख गर्दै कुनै दललाई फुटाउने र मिलाउने काम आफ्नो नभएको स्पष्ट तर्क गरे । 'अरु दल विभाजन गराउने नियतले अध्यादेश ल्याउन लाग्यो भनेर झूठ र नकारात्मक हल्ला फैलाइयो । कुनै पनि दल मिल्ने र फुट्ने ती दलको आन्तरिक विषय हो,' सोमबार नेपाल पत्रकार महासंघका नवनिर्वाचत कार्यसमितिलाई बालुवाटारमा बधाई दिँदै प्रधानमन्त्री ओलीले भने ।

यस अध्यादेशका लागि सत्तासहयात्री दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले 'ग्रिन सिग्नल' दिइसकेकोसमेत बताइएको छ । यद्यपि शीतल निवास भने यसप्रति मौन रहेकोले केही मनाएरमात्र यो अध्यादेश लैजाने तयारी रहेको प्रधानमन्त्रीको सचिवालयले जनायो ।

आफू प्रधानमन्त्री हुँदा कुनै दल विभाजन हुने स्थिति आएमा संसदीय दल र केन्द्रीय कमिटी दुवैमा ४० प्रतिशत पुऱ्याउनुपर्ने संविधानको व्यवस्था कार्यान्वयन गर्न मुस्किल भएकोले संसदीय दल वा केन्द्रीय कमिटीमा ४० प्रतिशतको प्रबन्ध गरेर अध्यादेश ल्याएको र विरोध आएपछि फिर्ता लिएको उल्लेख गर्दै ओलीले भने, 'तिनै विरोध गर्नेहरूले २० प्रतिशत सांसदले पनि विभाजन गर्न पाउने भन्ने व्यवस्था गरेर दल विभाजन गरे ।'

प्रधानमन्त्री ओलीले देश विकास र जनताका सेवालाई ध्यानमा राखेर सरकारले राष्ट्रपतिसमक्ष अध्यादेश सिफारिस गरेको उल्लेख गर्दै रातारात जारी गऱ्यो भनेर समाचार सम्प्रेषण नगर्न सुझाए । 'हामी १०-५ को जागिर खान आएका होइनौं । देश र जनताप्रतिको जिम्मेवारी बोध गरेर दिउँसो वा राति काम हुन्छ । लुकाएर र छलछाम गरेर काम गर्ने मेरो बानी छैन । देशका हितमा खुलेआम काम गर्ने हो,' प्रधानमन्त्री ओलीले थपे, 'राम्रो काम राति गर्न हुन्न भन्ने छ र ? के बिहान साइत पारेर भ्रष्टाचार गरेर त्यो राम्रो हुन्छ र ?'

क्रमशः पृष्ठ २ मा

विपद्पछिको पुनर्निर्माण

# एक खर्बभन्दा बढीको लागत अनुमान

■ जेबी योञ्जन

**काठमाडौं–** सरकारले विपद्पछिको पुनर्निर्माण गर्न एक खर्ब एक अर्ब रूपैयाँ लागत लाग्ने अनुमान गरेको छ । पुनर्निर्माण साढे दुई वर्षमा गरिसक्ने सरकारको लक्ष्य छ ।

गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सहसचिव भीष्मकुमार भुसालले भूकम्प र बाढीपहिरोले क्षति गरेका एक लाख १५ हजार निजी आवास पुनर्निर्माण गर्नमात्रै ४० अर्ब रूपैयाँ लाग्ने अनुमान गरिएको बताए । सडक र पुलतर्फ २९ अर्ब रूपैयाँको लागत आकलन गरिएको छ ।

उनका अनुसार आइतबार प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को १६औं बैठकले लागत रकमको आकलन गरेको हो । बैठकले माघदेखि उच्च प्राथमिकताका आधारमा बजेट व्यवस्थापन गर्ने निर्णय पनि गरेको भुसालले बताए । यीबाहेक विद्यालय, स्वास्थ्य संस्था, सरकारी भवन, सिँचाइ आयोजना, खानेपानीलगायत भौतिक संरचनाको पनि पुनर्निर्माण गर्नुपर्ने देखिएको छ ।

प्राधिकरणको तथ्यांकमा मनसुनजन्य विपद्मामात्रै १९ हजार ७७१ निजी आवासमा क्षति पुगेको थियो । ९० वटा स्वास्थ्य संरचना, एक हजार ५६२ शिक्षाका संरचना, ८१३ खानेपानी तथा सिँचाइ र ३३ वटा पुरातात्त्विक संरचनामा क्षति पुगेको थियो । भुसालले २०७९ मा डोटी केन्द्रबिन्दु भएर गएको भूकम्प र २०८० मा जाजरकोट केन्द्रबिन्दु भएर गएको भूकम्पपछिको पुनर्निर्माणलाई सरकारले प्राथमिकता राखेको बताए ।

'डोटी र जाजरकोटमा भूकम्पपछिको पुनर्निर्माण माघदेखि सुरु गरिने छ र निर्माण भइसकेका संरचना भूकम्पप्रतिरोधी छन् कि छैनन् मूल्यांकन गरी एकमुष्ट रकम दिइने निर्णय गरेको छ,' उनले सोमबार प्राधिकरणले आयोजना गरेको कार्यक्रममा भने । २०७९ मा डोटी केन्द्रबिन्दु भएर गएको भूकम्पले डोटीसँगै अछाम, बझाङ, बाजुरा र डडेलधुरामा क्षति पुगेको थियो । २०८० मा जाजरकोट केन्द्रबिन्दु भएर गएको भूकम्पले जाजरकोटसँगै रुकुम पश्चिम, रुकुम पूर्व, सल्यान, रोल्पा, नवलपरासी पूर्व, दैलेख, दाङ, बैतडी, जुम्लालगायत १२ वटा जिल्ला प्रभावित भएका थिए ।

यस्तै, २०८१ को मनसुनबाट २० जिल्ला प्रभावित भएको प्राधिकरणले जनाएको छ । तर, सुरुमा डोटी भूकम्पपछिको पुनर्निर्माणअन्तर्गत निजी आवास पुनर्निर्माणको काम यही २ माघदेखि सुरु गरिने भएको छ । त्यसका लागि डोटी भूकम्पको विस्तृत क्षति आकलन (डिडिए) सम्पन्न भइसकेको छ । डोटी भूकम्पले ती पाँच जिल्लाको कूल नौ हजार ६८२ घरधुरी प्रभावित भएको भनिएकोमा विस्तृत क्षति आकलनबाट दुई हजार ६३७ घर पुनर्निर्माण गर्नुपर्ने उल्लेख छ । बाँकी छ हजार ६२४ प्रबलीकरण गर्नुपर्ने पाइएको प्राधिकरणले जनाएको छ ।

भूकम्पबाट प्रभावित परिवारलाई स्थायी आवास निर्माण गर्न सरकारले हिमाली जिल्लामा पाँच लाख, पहाडी जिल्लामा चार लाख र तराईका जिल्लामा तीन लाख रूपैयाँ रकम दिने भएको छ । यातायातको सहज पहुँजमा आधारित रहेर भेगीय रूपमा सरकारले राहत रकम निर्धारण गरेको हो । सोहीअनुसार अब सुरुमा डोटी भूकम्पबाट प्रभावित जिल्लामा यही २ माघबाट पहिलो किस्ताका लागि सम्झौता थालनी गरिने भएको भुसालले बताए । पुनर्निर्माणको काम भने जिल्लामा प्राधिकरणको समन्वयमा स्थानीय तहले अघि बढाउने भएको छ ।

जाजरकोट भूकम्पले १२ जिल्लाका ९१ हजार ८६२ घरधुरी प्रभावित भएका थिए । ती जिल्लामा भने विस्तृत क्षति आकलन गर्न बाँकी नै छ । मनसुनजन्य विपद्बाट भने २० जिल्ला प्रभावित भएका थिए । सर्वाधिक क्षति भने काभ्रेपलाञ्चोकमा भएको थियो । त्यसपछि पाँचथर, ललितपुर, उदयपुर, रौतहट, सर्लाही, इलाम, ओखलढुंगा, खोटाङ, चितवन, दोलखा, धादिङ, मकवानपुर, महोत्तरी, रामेछाप, सिन्धुपाल्चोक, सिन्धुली, सिरहा, सोलुखुम्बु र सप्तरीमा क्षति पुगेको थियो ।

क्रमशः पृष्ठ २ मा



- डोटी र जाजरकोट भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण प्राथमिकतामा
- सुरुमा डोटी भूकम्पबाट प्रभावित जिल्लामा यही २ माघबाट पहिलो किस्ताका लागि सम्झौता थालिने
- भूकम्प र बाढीपहिरोले क्षति गरेका एक लाख १५ हजार निजी आवास पुनर्निर्माण गर्नमात्रै ४० अर्ब रूपैयाँ लाग्ने अनुमान
- सडक र पुलतर्फ २९ अर्ब रूपैयाँको लागत आकलन
- पुनर्निर्माण सम्पन्न गर्न साढे दुई वर्ष लाग्ने

फाइल तस्बिर



डोटी र जाजरकोटमा भूकम्पपछिको पुनर्निर्माण माघदेखि सुरु गरिने छ र निर्माण भइसकेका संरचना भूकम्पप्रतिरोधी छन् कि छैनन् मूल्यांकन गरी एकमुष्ट रकम दिइने निर्णय गरेको छ ।

■ **भीष्मकुमार भुसाल**
**सहसचिव**
**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**

सन्दर्भः वैदेशिक रोजगार

# अभिमुखीकरण तालिम आजदेखि 'क्लस्टर' प्रणालीमा

## प्रत्येक देशमा जाने कामदारलाई अलग-अलग कक्षामा राखेर अभिमुखीकरण दिनुपर्ने

■ ममता थापा

**काठमाडौं–** आजबाट वैदेशिक रोजगारमा जानुपूर्व प्रदान गरिने अभिमुखीकरण तालिम देशगत समूह (क्लस्टर)अनुसार सञ्चालन हुने भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीस्तरको निर्णयबमोजिम उक्त व्यवस्था कार्यान्वयन थालिएको वैदेशिक रोजगार विभागले जानकारी दिएको छ ।

विभागले यसअघि नै आवश्यक तयारी गर्न तालिम प्रदायक संस्थाहरूलाई परिपत्र जारी गरेको थियो । देशगतरूपमा छनोट भइसकेका सूचीकृत संस्थाहरूले तोकिएको क्लस्टरबमोजिम आजैबाट तालिम सञ्चालन गनुपर्ने छ ।

गन्तव्य मुलुकको विषयमा राम्रोसँग जानकारी नपाउँदा श्रमिकहरू विभिन्न समस्यामा पर्ने गर्छन् । विभागका एक उच्च अधिकारीका अनुसार विगतमा एउटा संस्थाले एकभन्दा बढी देशमा जानेहरूलाई एकै ठाउँमा राखेर तालिम दिने गरेकाले अभिमुखीकरण प्रभावकारी ढंगबाट नभएको पाइएको थियो । हरेक देशको संस्कार, संस्कृति, रहनसहन, हावापानी, कानुन, ट्राफिक नियमजस्ता विषयहरू फरक हुन्छन् । एकभन्दा बढी देशमा जानेहरूलाई एकै ठाउँमा राखेर तालिम दिँदा निश्चित् देशको बारेमा पर्याप्त जानकारी पाउन कठिन हुने गरेको थियो ।



अभिमुखीकरण कक्षाल( ाई 'स्पेसिफिक' बनाउन यो व्यवस्था ल्याइएको हो, यसो गर्दा प्रशिक्षार्थीले गन्तव्य मुलुकको बारेमा विस्तृतमा जानकारी लिन पाउँछन् ।

■ **गुरुदत्त सुवेदी**
**सूचना अधिकारी**
**वैदेशिक रोजगार विभाग**

अब भने प्रत्येक देशमा जाने कामदारलाई अलग-अलग कक्षामा राखेर अभिमुखीकरण दिनुपर्ने छ । यसो गर्दा प्रशिक्षकले पनि गन्तव्य मुलुकका विषयमा केन्द्रित भएर जानकारी दिन पाउने विभागको भनाइ छ । यद्यपि अभिमुखीकरण गराउने संस्थाले एकभन्दा बढी देशका लागि पनि अभिमुखीकरण सञ्चालन गर्न भने पाउँछन् । 'कक्षालाई स्पेसिफिक बनाउन यो व्यवस्था ल्याइएको हो, यसो गर्दा प्रशिक्षार्थीले गन्तव्य मुलुकको बारेमा विस्तृतमा जानकारी लिन पाउँछन्,' विभागका निर्देशक तथा सूचना अधिकारी गुरुदत्त सुवेदी बताउँछन् ।

यसअघि आवेदन नगरेका वा अन्य कुनै कारणले क्लस्टर छनोट हुन छुटेका सूचीकृत संस्थाहरूलाई गत पुस २८ भित्र आवेदन दिन विभागले भनेको थियो । तालिम सञ्चालन गर्ने संस्थाले तालिमका लागि आवश्यक पूर्वाधार र प्रशिक्षकको योग्यता विवरणसमेत खुलाइ विभागसमक्ष आवेदन दिएका थिए । हाल देशभरका २४३ वटा संस्थाले वैदेशिक रोजगारीमा जाने कामदारलाई अभिमुखीकरण तालिम दिँदै आएको विभागको तथ्यांकमा देखिन्छ । कुन देशका लागि कतिवटा देशले तालिम दिँदै छन् भन्ने अन्तिम सूची सार्वजनिक गर्न अझै केही दिन लाग्ने विभागले जानकारी दिएको छ ।

नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघले क्लस्टर प्रणाली कार्यान्वयनमा ल्याउने कार्य स्वागतयोग्य भएको जनाएको छ । महासंघका अध्यक्ष राजाराम गौतम आफूहरूले यसका लागि पहल गरिरहेकाले कार्यान्वयनमा पूर्ण सहयोग गर्ने बताए । 'अभिमुखीकरणका विषयमा नकारात्मक टीकाटिप्पणी हुने गरेको थियो, क्लस्टरमा गएपछि थप व्यवस्थित हुन्छ । विदेश जानेहरूले प्रभावकारी सेवा पाउने छन्,' अध्यक्ष गौतमले प्रभावसँग भने ।


### कार्यविधिमा अभिमुखीकरण सम्बन्धी व्यवस्था

अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६ अनुसार अभिमुखीकरण कक्षामा यात्रापूर्वको तयारी, सूचना प्रविधिको प्रयोग, सम्भावित दुर्घटना र जोखिमबाट बच्ने उपाय...

क्रमशः पृष्ठ २ मा




# त्रिवेणीधाममा माधवनारायण मेला



**भक्तपुर (प्रस)**- नेपाल संवत्को आठौं शताब्दीमा प्रारम्भ भएको एकमहिने माधवनारायण व्रत एवं मेला सोमबारदेखि भक्तपुरको हनुमानघाटस्थित त्रिवेणीधाममा सुरु भएको छ । हरेक वर्ष पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म आयोजना हुने मेलामा आज हनुमानघाटस्थित त्रिवेणीधाममा स्नान तथा सूर्यलाई अर्घ्य दिएर व्रत सुरु भएको पुजारी सरोजन शर्माले बताए ।

साँखुको शालिनदीमा भन्दा पहिलादेखि यो मेला एवं व्रत सुरु भएको शिलालेख एवं ग्रन्थमा उल्लेख भएको उनले बताए । नेपाल संवत् ७२२ मा राजा रणजित मल्ल आफैं उपस्थित भएर व्रत प्रारम्भ भएको शिलालेखमा रहेको उनले बताए । माधवनारायणको व्रत बस्ने व्यक्तिले व्रत सुरु हुनु अघिल्लो दिनदेखि निराहार बस्नुपर्ने, बिहानै त्रिवेणीमा स्नान गरी चोखो जल तथा पूजा सामग्रीले पूजा गर्नुपर्ने, शंख जलग्रहण गरी मन्त्रोच्चारण गर्नुपर्ने, शंख जलग्रहण गरेपछि कसैलाई छुन नहुने तथा जुत्ता लगाउन नहुने परम्परा रहेको पुजारी शर्माले जानकारी दिए । त्रिवेणीमा दैनिक नित्य पूजा तथा माधवनारायणको कथावाचन र हनुमानघाट त्रिवेणी कुण्डमा दैनिक स्नान गर्ने गरिन्छ ।

व्रतालुहरू खाली खुट्टामा पैदलयात्रा गरी तील माधवबाट तलेजु भवानीसम्म, सप्तमीमा पनौती गएर त्रिवेणीमा बसेर स्नान गरी इन्द्रेश्वर महादेवको दर्शन गर्छन् । उनीहरू अष्टमीमा फर्कन्छन् भने दशमीमा पशुपति गएर स्नान गरी जल चढाएर जयवागेश्वरी ताम्रेश्वर महादेवसम्म कलशयात्रा गर्छन् । साथै द्वादशीमा चाँगुनारायण शंखदहमा स्नान गरी कलश लिएर चाँगुनारायणको दर्शन गर्ने र माघ शुक्ल पूर्णिमामा नगरपरिक्रमा गरेर भूपतिन्द्र मल्लको मूर्तिमा इन्द्रकलश चढाएपछि व्रत समापन हुने व्रतालु विनोदकुमार प्रजापतिले जानकारी दिए ।

व्रतालुहरू त्रिवेणीघाटमा महिना दिनसम्म बसेर व्रत पूरा गर्छन् भने कतिपय व्रतालु भने हरेक दिन बिहान त्रिवेणीघाटमा आएर नुहाउँछन् । सोमबारदेखि एक महिनासम्म यहाँ माधवनारायणको कथा पनि वाचन हुन्छ । यस वर्ष महिला र पुरुषले गरी ३० जनाले माधवनारायणको व्रत बसेको माधवनारायण व्रत समितिका सचिव लक्ष्मीप्रसाद रञ्जितले जानकारी दिए । मेला सञ्चालनका लागि ढल बगिरहेको हनुमानघाटस्थित त्रिवेणीधाम खोलामा डोजर लगाएर स्नान गर्नका लागि खाल्डो बनाइएको छ ।

पृष्ठ १ बाट क्रमशः

## एक खर्बभन्दा...

प्रदेशगतरूपमा हेर्दा बागमतीमा पहिरोबाट सर्वाधिक क्षति पुगेको थियो । विपद् प्राधिकरणको तथ्यांकमा काभ्रेपलाञ्चोकमा नौ हजार ४१४ घरधुरीमा क्षति पुगेको थियो । यसैगरी प्राधिकरणका अनुसार अन्य जिल्लासमेतका गरी कूल १९ हजार ७७१ घरमा क्षति पुगेको थियो ।

■■■

## अर्को अध्यादेशको...

### एक रोकेर चारवटा जारी

राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्रिपरिषद्को सिफारिसमा सोमबार साँझ चारवटा अध्यादेश जारी गरेका छन् । राष्ट्रपति कार्यालयकी प्रवक्ता शैलजा रेग्मी भट्टराईले विज्ञप्ति सार्वजनिक गर्दै राष्ट्रपतिबाट नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम विभिन्न चार वटा अध्यादेश जारी भएको जानकारी गराएका हुन् ।

राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन), अध्यादेश २०८१, निजीकरण (पहिलो संशोधन), अध्यादेश २०८१ र आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८१ जारी गरेका हुन् । मन्त्रिपरिषद्ले शुक्रबार राष्ट्रपति मक्ष ५ वटा अध्यादेश सिफारिस गरेको थियो ।

मन्त्रिपरिषद्ले सिफारिस गरेको 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने बनेको अध्यादेश' रोकेका हुन् । राष्ट्रपति कार्यालयले संवेदनशील विषय भएको भन्दै यसलाई अध्ययनका लागि रोकिराखेको हो ।

'अलिकति संवेदनशील विषय भएकाले यो अध्यादेश अध्ययनकै क्रममा छ,' राष्ट्रपति पौडेलका कानुनी सल्लाहकार बाबुराम कुँवरले भने । मन्त्रिपरिषद् बैठकले हदबन्दीभन्दा बढीको जग्गा बिक्रीमा रहेको रोकलाई फुकुवालगायतका प्रावधान राखेर अध्यादेश जारी गर्न सिफारिस गरेको थियो ।

यसैगरी सरकारले सुकुम्बासीलाई नयाँ जग्गा दिन नसक्ने भन्दै बसेकै ठाउँको जमिन दिने तयारी गरेको थियो । सुकुम्बासीको नाममा आफ्ना कार्याकर्तालाई जमिन बाँड्ने विषय उक्त अध्यादेशमा समेटिएको बताइएको छ । उक्त अध्यादेशमा सरकारी वा सार्वजनिक जग्गाका रूपमा नापी भएका गौचर, हाट, घाट, बजार वा वन क्षेत्रमा घर टहरा बनाएर बसोबास गर्ने भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई निःशुल्क र अव्यवस्थित बसोबासीलाई जग्गाको स्वामित्व दिने कुरा उल्लेख छ ।

मन्त्रिपरिषद् बैठकले हालको घरजग्गा व्यवसाय गर्न हदबन्दीमा छुट दिइएको तर हदबन्दी बढीको जग्गा बिक्री गर्न रोक लगाउने कानुनमा परिवर्तन गरी घरजग्गा व्यवसायीले हदबन्दीभन्दा बढीको जग्गा स्वीकृति लिई तोकिएको अवधिभित्र विकसित गरी घरघडेरी बिक्री गर्न पाउने र सार्वजनिक प्रयोजनका लागि छुट्याइएको जग्गालाई धितो बन्धक राख्न, बिक्री गर्न नपाउने व्यवस्थासहित अध्यादेश जारी गर्न राष्ट्रपति पौडेलसमक्ष सिफारिस गरेको थियो ।

राष्ट्रपतिबाट जारी भएको अध्यादेश ६० दिनमा संसद्बाट अनुमोदित हुनुपर्छ ।

■■■

## अभिमुखीकरण तालिम...

बिमा र कल्याणकारी कोषसम्बन्धी जानकारी, सम्बद्ध निकायहरूको भूमिका, समस्या पर्दा सम्पर्क गर्ने निकाय, मर्यादित छनोट प्रक्रिया र लागत शुल्क, सामाजिक सुरक्षा कोषमा आबद्धता, तनाव व्यवस्थापन, व्यावसायिक सुरक्षाजस्ता महत्त्वपूर्ण विषयमा कक्षा सञ्चालन गनुपर्ने कुरा समावेश गरिएको छ ।

एउटा कक्षामा बढीमा २५ जना प्रशिक्षार्थी राख्न पाइने कार्यविधिमा उल्लेख छ । एउटा संस्थाले एक पटकमा बढीमा दुईवटा कक्षामा तालिम सञ्चालन गर्न पाउँछन् । कार्यविधिअनुसार एउटा संस्थासँग कम्तीमा पनि तीनजना प्रशिक्षक हुनुपर्छ । प्रशिक्षक आफूले छानेको क्लस्टरअनुसारको देशमा गएर आएको हुनुपर्छ । विदेश जानुअघि प्रत्येक दिन छ घण्टाको दरले तीन दिनसम्म तालिम लिएर अनलाइन परीक्षामा कम्तीमा ५० अंक ल्याउनुपर्ने व्यवस्था गरिएको छ ।

### थप प्रभावकारी बनाउने तयारी

कतिपयले भने तालिमलाई अनावश्यक झन्झटको रूपमा लिने गरेको पाइन्छ । अभिमुखीकरण सञ्चालन गर्ने संस्था र प्रशिक्षार्थीकै मिलेमत्तोमा कक्षा नलिनेहरूलाई पनि फर्जी प्रमाणपत्र बनाइदिनेजस्ता कार्य भेटिएकाले सरकारले गत पुस ३ गतेबाट 'फेसटाइम एटेन्डेन्स' र 'आइरिस रिकग्निसन'बाट अनिवार्य हाजिर गर्नुपर्ने नियम लागू गरिएको थियो ।

यसअघि वायोमेट्रिक फिंगरप्रिन्ट लिइन्थ्यो । यसबाट तुलनात्मक रूपमा उपस्थिति बढे पनि सतप्रतिशत नतिजा भने आउन नसकेको विभागको निष्कर्ष छ । अभिमुखीकरणमा हुने बदमासीलाई हटाउन केही अघिदेखि राष्ट्रिय परिचयपत्र विभागसँग समन्वय भइरहेको विभागले जनाएको छ । विभागबाट प्रशिक्षार्थीको सम्पूर्ण विवरण रुजु गर्ने व्यवस्था भएपछि सतप्रतिशत प्रशिक्षार्थीलाई सहभागी गराउन सकिने विभागका सूचना अधिकारी सुवेदी बताउँछन् ।


**श्री भोर्लेनी सामुदायिक वन उपभोक्ता समूह**
चन्द्रपुर नगरपालिका-०३ गैडाटार, रौतहट
**काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**
प्रथम पटक सूचना प्रकाशित मिति २०८१/१०/०१

यस भोर्लेनी सामुदायिक वन उपभोक्ता समूहको बनक्षेत्र भित्र आर्थिक बर्ष ०७९/०८० मा ढलापडा रुखहरू कटान भई उत्पादन भएको र यसै समूहको घाटगद्दिमा राखिएको साल जातको १४७ थानको ७८६.९९ क्युफिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान सूचिकृत भएको इच्छुक व्यक्ति, सङ्घ संस्था, फर्म वा कम्पनीलाई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डि.व.का. रौतहटको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री भोर्लेनी सामुदायिक वन उपभोक्ता समूह**
**चन्द्रपुर नगरपालिका-०३ गैडाटार, रौतहट**



**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

यस **S.And S.Human Resource** (ई.प.नं. १२३८/०७४/०७५) मा कार्यरत **दुर्गा रोका मगर** (**ना.प्र.प्र.नं:** ४९-०१-७४-०३६७७) ले यस प्रा.लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ।

S.And S.Human Resource Pvt. Ltd.
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com
श्रम ईजाजत नं. १२३८/०७४/०७५



**समिरा वर्क्स प्रा.ली. द्वारा धादिङ जिल्ला, धुनिवेसी नगरपालिका, वडा नं. ६ मा इन्सेक्टिसाइड स्प्रे र रुम स्प्रे उत्पादन गर्ने उद्योग स्थापना गर्नको लागि प्रारम्भिक वातावरणीय परीक्षणको सार्वजनिक सुनुवाई कार्यक्रममा बारेको सूचना**

**प्रकाशन मिति: २०८१/१०/०१**

समिरा वर्क्स प्रा.ली. द्वारा धादिङ जिल्ला ,धुनिवेसी नगरपालिका, वडा नं. ६ कित्ता न. ७२४, ७२३,७३१, ७२८, ७३३, ७५०, ७५२, ७४८, ७५५, ७८०, ७२२, ७२५, ६५९, ७२१, ३६५, ७२० को जम्मा क्षेत्रफल १७०१८.५२ वर्ग मिटर (१-१०-३-१) जग्गामा इन्सेक्टिसाइड स्प्रे र रुम स्प्रे उत्पादन गर्ने उद्योग स्थापना गर्नका लागि वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ अनुसार वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिने भएको हुनाले उक्त कार्यक्रममा सहभागी भई आफ्नो अमूल्य रायसुझाव, प्रतिक्रिया प्रदान गरिदिनुहुन र सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम | समिरा वर्क्स प्रा.ली. |
| उद्योगको स्थान | धादिङ जिल्ला, धुनिवेसी नगरपालिका वडा नं. ६ |
| उद्योगको क्षमता | वार्षिक ३००,००० क्यान इन्सेक्टिसाड स्प्रे र रुम स्प्रे उत्पादन गर्ने |

**सार्वजनिक सुनुवाई कार्यक्रम हुने स्थान, मिति र समय**
**स्थान:** समिरा वर्क्स प्रा.ली. धादिङ जिल्ला, धुनिवेसी नगरपालिका, वडा नं. ६ (उद्योग परीसर भित्र)
**मिति:** २०८१/१०/१८ गते शुक्रबार
**समय:** बिहान १०:३० बजे

| आयोजक | परामर्शदाता |
|---|---|
| समिरा वर्क्स प्रा.ली. | जियोस्पासल एन्ड इन्भाएरमेन्टल सोलुसन्स |
| धादिङ जिल्ला, धुनिवेसी नगरपालिका, वडा नं. ६ | सुर्यविनायक-२, भक्तपुर |
| फोन नं: ९८०११६२२७१ | फोन नं.: ९८६०३२२१२४ |
| ई-मेल: Prasad.gyawali@khetangroup.com.np | ईमेल: gesolutions.nepal@gmail.com |



**साउदीमा रोजगार** कम्पनी : WADAD JAEFAR AL MANASIF
पूर्व स्वीकृति मिति : २०८१/०९/२९ LT. No. 316972 चलानी नं. ६०२३१३०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Finishing Carpenter | 2 | 0 | 1000 | ३६,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ८ गते (21st Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUN RAY GLOBAL OVERSEAS PVT. LTD.
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202,
Email: sunray918@gmail.com, srgoverseas@gmail.com
LIC No. 918/067/68



**युएइमा रोजगार** कम्पनी : Anchor Allied Factory LLC
पूर्व स्वीकृति मिति : २०८०/०६/०९ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२९ LT. No. 293004 चलानी नं. ६०२०८२३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Laborer | 21 | 0 | 900 | ३३,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ८ गते (21st Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Fix Job Overseas Pvt. Ltd.
Sinamangal-9, Pingalasthan, Kathmandu, Nepal Tel : +977-1-5912965, 9841945941
E-mail : info@fixjoboverseas.com, fixjoboverseas@gmail.com, Website : www.fixjoboverseas.com
Govt.Lic. No. 1590/079/80



**कतारमा रोजगार** कम्पनी : FAST BUILDER CONSTRUCTION
पूर्व स्वीकृति मिति : २०८०/१२/०२ पुन: विज्ञापन स्वीकृति मिति : २०८१/०९/२९ LT. No. 301717 चलानी नं. ६०२१६६५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1500 | ५६,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ८ गते (21st Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


प्रिज्म ओभरसिज इम्प्लाइमेन्ट प्रा. लि.
श्रम ईजाजत नं. ३११/०५९/०६०
वनस्थली-१६, काठमाडौं, नेपाल, फोन नं. ५९०४७२२, ५९०३७२३


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

मंगलबार, ०१ माघ, २०८१

| | |
|---|---|
| **मेष** | सुखद् समाचारले उत्साह जगाउन छ । |
| **वृष** | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ । |
| **मिथुन** | रमाइलो जमघटमा सहभागी बन्ने अजसर । |
| **कर्कट** | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ । |
| **सिंह** | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव । |
| **कन्या** | दिगो कामको जग बसाउन सकिने छ । |
| **तुला** | व्यस्तताले शरीरमा कमजोरी पना आउने । |
| **वृश्चिक** | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने । |
| **धनु** | साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने । |
| **मकर** | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ । |
| **कुम्भ** | तत्काल फाइदाले परिस्थिति बिग्रने छ । |
| **मीन** | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ६६१२२६६ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०१ माघ, २०८१ (१४ जनवरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३७.०६ | १३७.६६ |
| युरो | १ को | १४१.१८ | १४१.८० |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.३९ | १६९.१२ |
| स्विस फ्रैन्क | १ को | १५०.२२ | १५०.८८ |
| अस्ट्रेलियन डलर | १ को | ८४.९३ | ८५.३० |
| क्यानाडियन डलर | १ को | ९५.२४ | ९५.६६ |
| सिङ्गापुर डलर | १ को | १००.१३ | १००.५७ |
| जापानी येन | १० को | ८.६८ | ८.७२ |
| चिनियाँ युआन | १ को | १८.६९ | १८.७७ |
| साउदी अरब रियाल | १ को | ३६.५१ | ३६.६७ |
| कतारी रियाल | १ को | ३७.५९ | ३७.७६ |
| थाई भाट | १ को | ३.९६ | ३.९८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.३२ | ३७.४८ |
| मलेसियन रिङेट | १ को | ३०.४४ | ३०.५७ |
| दक्षिण कोरियन वन | १०० को | ९.३८ | ९.४२ |
| स्विडिस क्रोनर | १ को | १२.२९ | १२.३४ |
| डेनिस क्रोनर | १ को | १८.९२ | १९.०० |
| हङकङ डलर | १ को | १७.६२ | १७.६९ |
| कुवेती दिनार | १ को | ४४४.४३ | ४४६.३८ |
| बहराइन दिनार | १ को | ३६३.५६ | ३६५.१६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**व्रतमा श्रद्धालु** | काठमाडौंको शंखरापुर नगरपालिका–७ स्थित साँखु शालीनदीमा पुस शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म माघस्नानसहित माधवनारायण मेलामा मन्दिर परिसरमा व्रत बसेका श्रद्धालु ।

*तस्बिरः हरिराम भेटुवाल/रासस*

### बिरामी प्रेषण राष्ट्रिय निर्देशिका जारी

# उपचार गर्न नसक्ने अस्पतालले बिरामीलाई तत्काल अर्को अस्पताल पठाउनुपर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बिरामी प्रेषण (रेफर) राष्ट्रिय निर्देशिका जारी गरेको छ । स्वास्थ्य संस्थामा आउने बिरामीको सोही संस्थामा उपचार सम्भव हुन नसक्ने अवस्थामा थप उपचारका लागि तुरुतै अर्को स्वास्थ्य संस्थामा पठाइ उपचारको व्यवस्था मिलाउनुपर्ने उक्त निर्देशिकामा उल्लेख छ ।

आफ्नो संस्थाको संरचना, उपकरण, विशेषज्ञ सेवा नभएको वा अन्य उपयुक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्थामा संस्थामा उपलब्ध हुने सेवा प्रदान गरी थप उपचारका लागि अरू अस्पतालमा प्रेषण गर्नुपर्ने छ । आकस्मिक कक्षमा रहेका तथा भर्ना भएका बिरामीको हकमा भने सोही स्वास्थ्य संस्थालाई जिम्मेवार बनाउने गरी अर्कोमा भर्ना नभएसम्मको अवस्थामा समन्वय चुस्त बनाउनुपर्ने निर्देशिकामा भनिएको छ । स्वास्थ्य संस्थाले आफ्नो तहअनुसार प्रदान गर्नुपर्ने सेवाको उपलब्धता हुँदाहुँदै बिरामीलाई अर्को संस्थामा प्रेषण गर्न नहुने र स्वास्थ्य संस्थाले सेवा उपलब्ध नहुँदा मात्रै सबैभन्दा नजिकै र पायकपर्ने वा माथिल्लो तहको अस्पतालमा प्रेषण गर्न सक्ने निर्देशिकामा उल्लेख छ ।





मन्त्रालयका प्रवक्ता प्रकाश बुढाथोकीले विभिन्न किसिमका बिरामीको प्रेषणका लागि मापदण्ड भए पनि समग्र अस्पतालको प्रेषण प्रणालीलाई समेट्नेगरी मन्त्रालयले एकीकृत निर्देशिका जारी गरेको जानकारी गराए । निर्देशिकाले आकस्मिक तथा भर्ना भएका बिरामीको उपचार सम्भव नभएमा अर्को अस्पतालमा नपुर्‍याउँदासम्मको जिम्मेवारी प्रथम अस्पतालको हुने निश्चित गरेको छ ।

प्रथम बिन्दुको स्वास्थ्य संस्थाले बिरामीलाई प्रेषण गर्नुपूर्व सम्बन्धित अस्पतालमा सम्पर्क गरी त्यहाँ उपचार, शयया तथा आवश्यक सेवा भए/नभएको सुनिश्चित गर्दै समन्वय गर्नुपर्ने छ । निर्देशिकामा प्रत्येक अस्पताल, स्थानीय तह, प्रदेश र राष्ट्रियस्तरमा सोसम्बन्धी एकाइ अनिवार्य हुनेगरी व्यवस्था मिलाइएको छ । निर्देशिकामा बिरामीबारे आवश्यक जानकारी साझा हुने भएकाले परीक्षण दोहोर्‍याउनु नपर्ने गरी थप जाँच हुने व्यवस्था गरिएको छ ।

सरकारी अस्पतालमा बिरामीको चाप कम गर्नका लागि आवश्यकताका आधारमा मात्र बिरामी प्रेषण गर्ने गरी निर्देशिका जारी भएको छ । निर्देशिकाले बिरामीलाई आफू उपचार गर्न जाने ठाउँबारे जानकारी लिन पाउनेबारे पूर्णअधिकार दिएको छ भने उपचार सम्भव भएसम्म अस्पतालका तर्फबाट प्रेषण गर्ने विषयलाई पनि नियन्त्रण गर्न खोजेको छ ।

स्थानीय तह, प्रदेश र संघीय तहमा व्यवस्था गरिएका प्रेषण एकाइले ती ठाउँको स्वस्थ्य सेवाको गुणस्तर र प्रेषण सम्बन्धमा स्वास्थ्य संस्थालाई निर्देशन दिने मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले बताए ।

स्वास्थ्य सेवा विभागको उपचारात्मक सेवा महाशाखाले प्रेषण कार्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन गर्ने छ । प्रदेशमा स्वास्थ्य मन्त्रालय वा स्वास्थ्यसँग सम्बन्धित मन्त्रालयको समन्वयमा काम गर्ने गरी प्रादेशिक स्वास्थ्य निर्देशनालयले सम्पर्क तथा समन्वय गर्ने छ । स्थानीय तहमा सम्पर्क तथा समन्वय सम्बन्धित स्वास्थ्य विभाग, महाशाखा वा शाखाले गर्ने छ ।

**युएइमा रोजगार** — कम्पनी : SOS INTERNATIONAL GENERAL SECURITY GUARD SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०९/२९ | LT. No. 316833 | चलानी नं. ६०२३१२९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 5 | 0 | 1800 | ६७,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ८ गते (21st Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योर्हने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

**कतारमा रोजगार** — कम्पनी : Just Relax Spa

पूर्व स्वीकृति मिति : २०८०/०९/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२९ | LT. No. 297698 | चलानी नं. ६०२१२८३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEAN WORKER | 0 | 1 | 1000 | ३७,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ८ गते (21st Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योर्हने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । ... ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Global Recruitment Group Pvt.Ltd. (BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)
License No.: 1535/078/079
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9820103691 / 9801193079
Chitwan Branch: 9855063635, Pokhara Branch: 9802853017, Email : info@grgnepal.com.np

**युएइमा रोजगार** — कम्पनी : REALITY ENGINEERING SERVICES

पूर्व स्वीकृति मिति : २०८१/०९/२८ | LT. No. 317048 | चलानी नं. ६०२३१३१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pipe Structure & Fabricator | 10 | 0 | 1900 | ७१,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scafolder | 10 | 0 | 1500 | ५६,५५० | | | | | | | |
| 3 | Welder 6G (GTAW+SMAW) | 10 | 0 | 1900 | ७१,६३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ८ गते (21st Jan. 2025) मा हुनेछ ।

(वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी — तालिका र सूचना माथि जस्तै)

CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
1610/079/80
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np

**साउदीमा रोजगार** — कम्पनी : DERE FUTURE TRADING

पूर्व स्वीकृति मिति : २०८१/०९/२८ | LT. No. 317073 | चलानी नं. ६०२३१२६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Roofing Insulation Labour | 4 | 0 | 1000 | ३६,८८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ८ गते (21st Jan. 2025) सम्म हुनेछ ।

MAHAD MANPOWER PVT. LTD.
श्रम इजाजत नं. ९८१/०६७/०६८
Tinkune, Kathmandu, Nepal Tel No: +9'77-1-4112456/ 411 2457, WhatsApp: +977 9845312486, +977 9808530379
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com

**युएईमा रोजगार** — कम्पनी : SHAJARAT ALDOR TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०६/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२९ | LT. No. 311202 | चलानी नं. ६०२२५७०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 3 | 0 | 800 | २९,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ८ गते (21st Jan. 2025) मा हुनेछ ।

PREMIUM HUMAN RESOURCE
Govt. License 1631/080/081
Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814, 9851230753, Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np

**युएईमा रोजगार** — कम्पनी : RAJBHAT HOSPITALITY SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०९/२९ | LT. No. 317023 | चलानी नं. ६०२३१२९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANNERS (MALE) | 5 | 0 | 1000 | ३७,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | WAITER | 10 | 0 | 1000 | ३७,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ८ गते (21st Jan. 2025) मा हुनेछ ।

Prince International Employment Service Pvt. Ltd.
श्रम इजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com

# चाकु र तरूल मानव शरीरका लागि लाभदायक

**काठमाडौं–** जाडोमा शरीरको तापक्रम स्थिर राख्न मानव शरीरलाई न्यानो बनाइराख्नुपर्ने पोषणविद्हरू बताउँछन् । सही खानपान तथा आवश्यक पोषक तत्त्वहरू प्राप्त भयो भने न्यानोपन महसुस हुने भएकाले जाडोमा शरीर न्यानो राख्न झोलिलो तथा पौष्टिक खानेकुरा बढी सेवन गर्नुपर्ने पोषणविद्हरू सुझाव छ ।

पोषणविद्का अनुसार जाडोमा शरीर न्यानो राख्न कार्बोहाइड्रेट, फ्याट, प्रोटिन, मिनिरल्स सबैको सन्तुलित मात्रामा भोजन गर्नुपर्छ । पोषणविद् डा. मनषा थापा ठकुराठीले भने, ‘विभिन्न मसालाजस्तै अदुवा, लसुन, बेसार, मरिच, जुवानोले शरीर तातो राख्न मद्दत गर्छन् । पोषणविज्ञानले चिसो र तातो खाना छुट्याएको छ । कुन खाना खाँदा तातो प्रभाव दिन्छ, सोही खानेकुरा सेवन गर्नुपर्छ ।’

उनले जाडोमा कोदो तथा फापरको रोटी, गहतको दाल, जुवानोको झोल, चमसुरको साग, सौंफको सागलगायत परिकारले शरीर न्यानो राख्न सहयोग गर्ने बताए । ‘जुन खानेकुरा खाँदा शरीरलाई गर्मी गर्छ त्यस्तो खानेकुरा खानुपर्छ । बच्चाहरूलाई तातो दूध दिन सकिन्छ । बच्चा र बूढाबूढीलाई खीर पनि खान दिन सकिन्छ । यसले पनि शरीरलाई ताप दिन्छ,’ पोषणविद् डा. ठकुराठीले भने । बजारमा पाइने विभिन्न तयारी अवस्थाका सुपका प्याकेटभन्दा घरमा ताजा तरकारीको सुप बनाएर खाँदा शरीरलाई फाइदा पुग्ने पोषणविद् विनिता पन्तले बताइन् । उनले भनिन्, ‘मांसाहारीले मासुको सुप खान सक्नुहुन्छ । हरियो तरकारी तथा गेडागुडीको सुपहरू बनाएर खाँदा शरीर तातो राख्छ । बजारमा पाइने तयारी सुपहरू नखानु उपयुक्त हुन्छ । दाल तथा गेडागुडीका सुप पनि शरीरका लागि फाइदाजनक छन् । हरियो सागसब्जी, फलफूल पनि खानुपर्छ ।’



पन्तका अनुसार जाडोमा पानी कम खाइने हुनाले अरु झोलिलो खानेकुराबाट पानीको मात्रा पूर्ति गर्नुपर्छ । ‘मनतातो पानी खाने बानी गर्नुपर्छ । कोदोको सुप एकदम पौष्टिक हुन्छ । सकेसम्म दैनिक एकछाक कोदो खाँदा उपयुक्त हुन्छ । यसमा क्याल्सियम र पोटासियमको मात्रा बढी हुन्छ । लसुन, अदुवा, बेसारले एन्टिबायोटिकका रूपमा काम गर्दछ । यसलाई खानेकुरामा प्रयोग गर्न सकिन्छ ।’

माघे संक्रान्तिमा खाइने घिउ, चाकु, तिलको लड्डु, सख्खर, तरुलले जाडोमा न्यानो राख्न सहयोगी भूमिका खेल्न पोषणविद् ठकुराठीले बताए । उनले भने, ‘चाकुलाई जाडोमा खाने भनेर प्रकृति र मौसमले दिएको खाद्यवस्तु हो । यसले शरीरलाई ताप दिन्छ । परम्परागत रूपमा पनि यसको महत्त्व छ । नेवार समुदायमा सुत्केरी महिलालाई तातो गराउन भातमा चाकु र घिउ राखेर खान दिने गरिन्छ ।’

पोषणविद् पन्तले पनि तरुलमा क्याल्सियम तथा पोटासियम बढीमात्रामा पाइने हुनाले यसले शरीरलाई लाभ पुर्‍याउने धारणा राखिन् । उनले भनिन्, ‘तरुल कार्बोहाइड्रेटको स्रोत हो । यसले हाम्रो शरीरमा शक्ति प्रदान गर्नुका साथै विभिन्न रोग लाग्नबाट बचाउँछ । चाकुमा आइरन प्रशस्त पाइन्छ, यसमा क्यालोरी पनि हुने भएकाले शरीरलाई सुरक्षा प्रदान गर्छ ।’

विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक, अशक्त बिरामी, दीर्घरोगीलाई चिसो लाग्ने सम्भावना बढी हुने भएकाले तातो खानेकुरामा बढी जोड दिनुपर्ने पोषणविद् डा. ठकुराठीको भनाइ छ । उनले भने, ‘दैनिक रूपमा खाइने खाद्यवस्तु र झोलिलो खानेकुरामा बढी ध्यान दिनुपर्छ । फ्रिजमा राखिएका चिसो खानेकुरा खानु हुँदैन । कमजोर तथा छातीमा चिसो लाग्ने बिरामीहरूले त्यस्ता खानेकुरा खानै हुँदैन । यसले घाँटीको एलर्जी हुने खसखसाउने समस्या निम्त्याउँछ । दही खाँदा दिउँसो मात्र खाने गर्नुपर्छ । बिहान वा बेलुका बढी चिसो समयमा खाँदा पाचन प्रक्रियामा गइसकेपछि त्यसले असर गरी पाचन प्रक्रियामा गडबडी हुन सक्छ ।’

खानेकुराले नभई व्यक्तिपिच्छे शरीरको प्रक्रिया फरक हुने भएकाले आफूलाई कस्ता खाना खाँदा सुहाउँदो हुन्छ त्यो विचार गरेर खानुपर्ने पोषणविद् डा. ठकुराठीले बताए । सही खानेकुराको सेवन नगर्दा पेट फुल्ने, ग्यास भरिने, पाचन प्रक्रिया सहज नहुने खालका समस्या जाडोमा बढी देखिने उनले उल्लेख गरे ।

पोषणविन्द् पन्तले आफूले कति शारीरिक क्रियाकलाप गरिन्छ सोहीअनुसार खानेकुराको सेवन गर्नुपर्ने बताए । ‘खाने भन्दैमा कुनै पनि खानेकुरा बढी खानुहुँदैन । तिल, आलस, काजु, बदाम, ओखर खानु सन्तुलित रूपमा खानुपर्छ । यी खानेकुराहरूमा क्योलोरी तथा मिनिरिल्सको मात्रा बढी हुने भएकाले दैनिकरूपमा खानु शरीरका लागि उपयुक्त मानिन्छ ।’ *रासस*

**शीतलहर तथा चिसोबाट बच्ने उपायहरू**



प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरूमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरू अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरूलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरूलाई नियमित रूपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरूलाई एक्लै नछोडौं ।

*छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।*

**विश्रामपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बारा, मधेश प्रदेश, नेपाल**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सवारी प्रदूषण नियन्त्रण गर

**देशभर सवारीसाधन आउजाउ व्यवस्थापनका लागि ट्राफिक प्रहरीलाई जिम्मा दिइएको छ । ट्राफिक प्रहरीले सवारी अनुमतिपत्र, चालक अनुमतिपत्र जाँच्ने गर्छन् । ट्राफिक प्रहरी नभएको ठाउँमा नेपाल प्रहरी पनि माथिका काममा खटिरहेका भेटिन्छन् । तर, सवारीसाधनको कन्डिसन र यसको प्रदूषणको बारेमा जाँच भने विरलै हुने गरेको छ । काठमाडौं महानगरपालिकाले सोमबार सवारीसाधनको प्रदूषणको अवस्थाबारे जाँच गरेको छ । यसरी जाँच गरेका २० वटामध्ये छ वटा मापदण्डबाहिरको भेटियो । यो भनेको ३० प्रतिशत सवारी मापदण्डभन्दा बाहिर रहेको तथ्य हो ।**

**सामान्यतया वातावरण व्यवस्थापन विभागले सवारीसाधनको प्रदूषण जाँच्दै हरियो स्टिकर टाँस्ने गर्छ । तर ठूला बस, मिनी बस, ट्रिपर तथा पुराना सवारीले यस्ता नियम उल्लंघन गर्दै आएको देखिन्छ । यस्तै सवारीसाधन जाँच गर्दा काठमाडौं महानगरले ३० प्रतिशत सवारी मापदण्डबाहिरको भेटिएको छ ।**

**मापदण्डमा पेट्रोलबाट चल्ने सवारीसाधन र डिजेलबाट चल्ने सवारीसाधन र निर्माण अवधिलाई छुट्टाछुट्टै सूचक राखिएको छ । सन् १९८० सम्म उत्पादन भएका चार पांग्रे सवारीसाधनको कार्बन मोनोक्साइडको मात्रा अधिकतम ४.५ प्रतिशत (वाइ भोल्युम) हुनुपर्छ । सन् १९८१ वा त्यसभन्दा पछि उत्पादन भएका सवारीसाधनमा कार्बन मोनोक्साइडको मात्रा अधिकतम तीन प्रतिशत (वाइ भोल्युम) हुनुपर्छ । तीन पांग्रे सवारीको हकमा सन् १९९१ सम्ममा उत्पादन भएका सवारीसाधनमा कार्बन मोनोक्साइडको मात्रा अधिकतम ४.५ प्रतिशत (वाइ भोल्युम) हुनुपर्छ । दुई पांग्रे सवारीसाधनको हकमा कार्बन मोनोक्साइडको मात्रा अधिकतम ४.५ प्रतिशत (वाइ भोल्युम) हुनुपर्छ ।**

**सन् १९९४ सम्ममा उत्पादन गरिएका सबै किसिमका डिजेल सवारीसाधनका लागि सवारीको धुवाँको घनत्व (स्मोक डेन्सिटी) अधिकतम ७५ हर्टिज स्मोक युनिट (एचएसयू) हुनुपर्छ । सन् १९९५ वा सोभन्दा पछि उत्पादन भएका सवारीसाधनका लागि सवारीको धुवाँको घनत्व (स्मोक डेन्सिटी) अधिकतम ६५ हर्टिज स्मोक युनिट (एचएकेयु) हुनुपर्छ ।**

**मापदण्डभित्र पर्ने सवारीसाधनबाटसमेत प्रदूषण फैलिरहेको अवस्थामा यसरी मापदण्डविपरीतका सवारी चल्दा वातावरणमा झनै गम्भीर असर पुग्छ । ट्राफिक प्रहरीको पहुँच भएको क्षेत्रमा नै ३० प्रतिशत प्रदूषणयुक्त मापदण्डबाहिरको सवारी सञ्चालन भएको अवस्थामा अरु क्षेत्रमा यसको अवस्था के होला ? यसबारे सरकार गम्भीर बन्नैपर्छ । यसैगरी ट्राफिक प्रहरीले सवारी चालक अनुमतिपत्रका साथै सवारीको कन्डिसन पनि ठीक छ छैन जाँच गरे सम्भावित दुर्घटनाहरू कम गराउन सकिन्छ ।**

# राजनीतिक स्थायित्व दिने व्यवस्थाको खोजी



▪ चन्द्र काफ्ले

> मुलुकको विकास नहुनुमा पहिलो राजनीतिक नेतृत्वमा देशभक्ति भावना नै छैन । जसले देशलाई माया गर्छ, जनतालाई राजनीतिको सर्वेसर्वा ठान्छ, ऊसँग मात्र देशभक्तिको भावना हुन्छ । देशभक्तिको भावना नभएका व्यक्तिले देश र जनताको हित अनि देश विकास गर्न सक्दैन । दोस्रो कुरा नेताहरूसँग देशको विकास कसरी गर्ने भन्ने भिजन (दृष्टिकोण) नै देखिँदैन । जोसँग विकासको प्रस्ट भिजन हुन्छ, उसलेमात्र विकास योजनाहरु तर्जुमा र कार्यान्वयन गर्न सक्छ । हाम्रा नेताहरु जसरी हुन्छ सत्तामा जाने, पद र शक्तिको दुरुपयोग गरेर अकूत सम्पत्ति कमाउने दूषित मनसायले ग्रस्त छन् । यस्ता नेताहरुबाट देशको विकास कसरी सम्भव हुन्छ ?

मुलुकको अवस्था दिनानुदिन असहज बन्दै गएकोप्रति चौतर्फी चिन्ता प्रकट हुन थालेको छ । स्वदेशमै पेसा व्यवसाय तथा रोजगारीका लागि अनुकूल वातावरण नभएका कारण जनता विदेसिन बाध्य भएका छन् । मुलुकमा भरपर्दो शिक्षा र रोजगारीको अवसर नभएको भन्दै युवा विद्यार्थीहरू देशको झण्डा बोकेर विदेसिने क्रम बढ्दो छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दैनिक हजारौं विद्यार्थी अध्ययन र युवाहरू रोजगारीका देश छाड्दै गरेका दृश्यले यसलाई पुष्टि गर्दछ ।

सहकारी, लघुवित्त, बैंकलगायतका वित्तीय संस्थाले गरिब जनतालाई मारमा पारेको भनी दुर्गा प्रसाईंले आन्दोलन चर्काए । फेरि पनि आन्दोलन गर्ने सुरमा उनी छन् । सहकारीको बचत अपचलन गरेको आरोपमा पक्राउ परेका रवि लामिछाने धरौटीमा छुट्ने र फेरि हिरासतमा पर्ने क्रम जारी छ । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले फागुनदेखि संघर्ष गर्ने निर्णय गरेको छ । तराईका सिके राउत नेतृत्वको दललगायतले आन्दोलन गर्ने धम्की दिइरहेका छन् । यस्तो अवस्थामा सरकार र सत्तामा बस्ने दलहरूसँग मुलुकको समस्या समाधान गर्ने राजनीतिक एजेण्डा नभएको स्पष्ट हुन्छ ।

सरकारमा बस्ने मन्त्रीहरू कमाउधन्दामै लागिपरेको देखिन्छ । ऊर्जामन्त्री दीपक खड्का नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउन र आफ्नो मान्छे ल्याई प्राधिकरणलाई दुहुनो गाई बनाउने प्रपञ्चमा लागेको घटनालाई उदाहरणको रूपमा लिन सकिन्छ ।

नेपाल यस्तो देश हो, जहाँ नेताहरू सरकारमा गएर अर्थोपार्जन गर्ने काममा सक्रिय छन् । जनताका जल्दाबल्दा समस्यातिर ध्यान गएको देखिँदैन । राजनीतिलाई व्यवसाय बनाउने काम गरिरहेको देखिन्छ । राजनीति भनेको जनता र राष्ट्रको सेवा गर्ने हुनुपर्नेमा त्यसतर्फ नलागी भ्रष्टाचार, अनियमिततामा आपसी मिलेमतो गरी राजनीतिलाई कमाइखाने दुहुनो गाई बनाउँदै गरेको देखिन्छ । राजनीतिको मुख्य उद्देश्य नै भ्रष्टाचार गरी अकूत सम्पत्ति कमाउने रहेको देखिन्छ । नेता र सरकारमा बस्नेको यस्तो क्रियाकलापबाट जनता वाक्क हुँदै गएका छन् । भ्रष्टाचार नियन्त्रण यी नेता र अहिलेको राजनीतिक व्यवस्थाबाट सम्भव नभएको जनता बताउँछन् । त्यसैले यो व्यवस्था नै परिवर्तन गर्न आवश्यक रहेको भन्ने मत बढ्दै गएको छ ।

अहिलेको व्यवस्था धेरै महँगो र नेपालले धान्नै नसक्ने भएको यस क्षेत्रका विज्ञहरूले बताइरहेका छन् । राजनीतिमा लाग्न चाहनेले पैसाको अभावमा राजनीति गर्न नसक्ने, चुनाव लड्न ठूलो धनराशि आवश्यक पर्ने हुनाले पनि भ्रष्टाचार गर्ने र भ्रष्टाचार गर्नेलाई उत्प्रेरित गरेको विज्ञहरूको तर्क छ । विशेषतः प्रदेश संरचना अनावश्यक खर्चिलो भएको, भ्रष्टाचार नियन्त्रण गर्ने संस्थाहरूले राजनीतिक दबाबमा भ्रष्टाचार नियन्त्रण गर्न नसकेको एवं भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित कानुनहरू प्रभावकारी कार्यान्वयन हुन नसकेको, खर्चिलो राजनीतिक प्रणाली भएको व्यवस्थाले भ्रष्टाचार बढाउन थप मलजल गरेको सबैले महसुस गरिरहेका छन् । नेताले गरेको भ्रष्टाचारविरुद्ध जनताको उजुरी, आवाज सुनिँदैन । नेता, व्यवसायी, बिचौलियाको मिलेमतोमा बेथिति चलिरहेको छ ।

मुलुकको विकास नहुनुमा पहिलो राजनीतिक नेतृत्वमा देशभक्ति भावना नै छैन । जसले देशलाई माया गर्छ, जनतालाई राजनीतिको सर्वेसर्वा ठान्छ, ऊसँग मात्र देशभक्तिको भावना हुन्छ । देशभक्तिको भावना नभएका व्यक्तिले देश र जनताको हित अनि देश विकास गर्न सक्दैन । दोस्रो कुरा नेताहरूसँग देशको विकास कसरी गर्ने भन्ने भिजन (दृष्टिकोण) नै देखिँदैन । जोसँग विकासको प्रस्ट भिजन हुन्छ, उसलेमात्र विकास योजनाहरू तर्जुमा र कार्यान्वयन गर्न सक्छ । हाम्रा नेताहरू जसरी हुन्छ सत्तामा जाने, पद र शक्तिको दुरूपयोग गरेर अकूत सम्पत्ति कमाउने दूषित मनसायले ग्रस्त छन् । यस्ता नेताहरूबाट देशको विकास कसरी सम्भव हुन्छ ?

देशको विकास गर्ने चिन्तन भएका नेता नै छैन भन्दा फरक नपर्ला । विदेशीसँग ऋण मागेर र युवाहरूलाई विदेशमा काम गर्न पठाएर भित्र्याएको रेमिटयान्सबाट मुलुक जेनतेन चलेको छ । ठोस आर्थिक योजना र तिनको कार्यान्वयनतर्फ उनीहरूको ध्यान गएको छैन । त्यसैले यी नेताबाट देश र जनताले आर्थिक विकासको परिकल्पना गर्नु दिवा सपनामात्र हो ।

अहिलेको राजनीतिक व्यवस्थाले सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिकलगायतका कुनै पनि क्षेत्रमा काम नगरेको गुणासो बढ्दो छन् । यो व्यवस्था सुरु भएदेखि विदेशीको राजनीतिक हस्तक्षेप बढेको, सामाजिक सद्भाव र एकता खलबलिएको, राजनीतिक क्षेत्र भ्रष्टाचारले ग्रस्त भएको, आफ्नो मौलिक धार्मिक र सांस्कृतिक मान्यतामाथि फिरंगीहरूको हस्तक्षेप बढेर धार्मिक र सांस्कृतिक विचलन पैदा भएको, नेपाली-नेपालीबीचमा फुटाउने अनि धर्म परिवर्तन गराउने कार्य बढेर गएको अवस्थालाई गम्भीर रूपमा लिनुपर्छ । यस्ता क्रियाकलाप नियन्त्रण गर्नु आजको आवश्यकता हो ।

कुनै पनि समाज र राष्ट्रको पहिचान भनेको त्यहाँका जनताले परापूर्वकालदेखि अनुशरण गर्दै आएका धार्मिक, सांस्कृतिक मान्यता नै हुन् । त्यसैले ती मान्यतालाई जर्गेना गर्न जनता आफ्नो जिउ ज्यान दिन पनि तयार हुन्छन् । यसलाई जगेर्ना एवं प्रवर्द्धन गर्न राष्ट्रलाई पनि उनीहरूले सजग र सतर्क गराइरहेका हुन्छन् । राज्य र राजाको स्थापना र सुरुआत पनि परापूर्वकालमा यिनै जनताले पालना गरिआएका आफ्नो समाजको पहिचान राख्ने उपरोक्त मूल्यमान्यताहरूको संरक्षण र सम्वर्द्धनका लागि नै हो ।

यो मुलुक निर्माण गर्न पृथ्वीनारायण शाहले पनि नेपाली समाजको भावनाको कदर गर्दै 'नेपाल चार जात छत्तीस वर्णको साझा फूलबारी हो' भनी आफ्ना रीतिरिवाजअनुसार काम व्यवहार गर्नू भन्ने दिव्योपदेश दिएका थिए । यो कुराले वर्तमानमा पनि ठूलो महत्त्व राख्दछ । नेपाल राष्ट्रको निर्माणदेखि पृथ्वीनारायण शाह र तिनका सन्तानहरूले यही मूल्य र मान्यतालाई संरक्षण गरी यसकै आधारमा नेपाली समाजमा एकता, सौहार्द्रता कायम गरी समाज र राष्ट्रको पहिचान विश्वसमक्ष प्रस्तुत गरेका हुन् । राजाहरूको भूमिकाबाटै नेपाली समाज जुनसुकै जातजाति, भाषा, संस्कृति भए पनि 'नेपाली एक हौं' भन्ने भावनाको विकास भई नेपाली राष्ट्रियता समृद्ध हुँदै आएको हो । यही कुरालाई विदेशीहरूले पचाउन नसकेर नेपाललाई कमजोर तुल्याई आफ्नो स्वार्थपूर्ति गर्न पहिलो राजसंस्था हटाउने र दोस्रो नेपाली समाजले परापूर्वकालदेखि अँगालेको धार्मिक र सांस्कृतिक मूल्यमान्यतामाथि प्रहार गर्ने काम गरेका छन् । यसमा नेपाली अनुहारका तर विदेशीका गुलाम बनेका नेताहरूले मलजल पुऱ्याइ नेपालबाट राजसंस्था हटाएको प्रस्ट छ । अब नेपाली जनताले ती विदेशी र नेपाली अनुहारका गुलामहरूलाई राम्ररी बुझिसकेकाले त्यो षडयन्त्रको भण्डाफोर गर्दै आइरहेका छन् ।

अब नेपालको पहिचान, नेपालको धार्मिक, सांस्कृतिक मूल्यमान्यताको संरक्षण सबै नेपालीलाई एकताको सुत्रमा बाँध्ने अनि सबैलाई बराबर गर्ने राजसंस्थाबाट मात्र सम्भव हुन सक्दछ । यसका लागि राजसंस्था पुनःस्थापना गर्न नेपाली जनता स्वयं जागरुक हुँदै गएको र वर्तमान राजनीतिक व्यवस्थालाई परिवर्तन गर्न आन्दोलन गर्ने भनी जनआवाज उठिरहेको छ । यसबाट राजसंस्था पुनःस्थापना हुने बलियो संकेत देखापरेको महसुस हुन्छ ।

नेपालको भूराजनीतिक अवस्थालाई हेर्दा उत्तरतिर विशाल मुलुक चीन र दक्षिणतिर त्यत्तिकै ठूलो मुलुक भारत रहेका छन् । यी दुवै देश विश्वका विकसित देशका रूपमा स्थापित हुन निरन्तर अगाडि बढिरहेका छन् । आफ्नो देशको विकासलाई तीव्रता दिनका लागि उनीहरूलाई आफ्नो देशभित्र र छिमेकमा पनि शान्ति र स्थायित्वको आवश्यकता पर्दछ । विगत केही वर्षदेखि नेपालको राजनीतिमा धेरै विकृति विसंगति बढेको, सरकार पूरा अवधि चल्न नसकेको, सरकार गठन विघटनको दौड निरन्तर चलेको, सामाजिक सद्भाव खलबलिएको कारण देशभित्र असुरक्षा र अस्थिरता बढेको छिमेकी मुलुकले महसुस गरेको बुझिन्छ । यो स्थिति अझ बढ्दै गएमा यसले नेपालभित्र मात्र होइन छिमेकी र वरपरका देशमा पनि प्रभाव पार्ने हुन सक्दछ । जसबाट विश्वमा विकसित देशको रूपमा रहेका छिमेकी देशहरूलाई असर पर्न सक्दछ । त्यसैले नेपालको भूराजनीतिक अवस्थाले छिमेकीहरूका लागि पनि महत्त्वपूर्ण हुने गर्दछ ।

मुलुकमा अहिले मुख्यतः राजनीतिक स्थायित्व चाहिएको छ । अहिलेको व्यवस्थाबाट त्यो सम्भव देखिँदैन । राजनीतिक स्थायित्वका लागि एउटै विकल्प भनेको राजसंस्था हो । छिमेकी मुलुकहरूले पनि यो कुरा बुझेका छन् । तर, विभिन्न स्वार्थका कारण नेपाललाई अस्थिर बनाइराख्न राजसंस्थाको पुनःस्थापना गराउन चाहिरहेका छैनन् । यद्यपि, अब भने यो अपरिहार्य भइसकेको छ । नेपालको जनताको चाहनालाई विस्तारै बुझ्दै गएको देखिन्छ । यसकारण पनि राजसंस्था पुनःस्थापनाका लागि माहोल बन्दै गएको महसुस हुन थालेको छ ।

## श्रम सरोकार

### सुरक्षित वैदेशिक रोजगारीका लागि के गर्ने ?

१८ वर्ष पूरा भएको अवस्थामा मात्र वैदेशिक रोजगारीको प्रक्रियामा लाग्नुहोस् । रोजगारीमा जानेक्रममा झूठा विवरण वा कागजात पेस गर्नु हुँदैन । अनुमति प्राप्त गरेका एजेन्सीहरूसँग मात्र वैदेशिक रोजगारीमा जानेसम्बन्धी कारोबार गर्नुपर्छ । संस्थासँग व्यक्तिगत तवरले जानेगरी काम कारबाही गर्न हुँदैन । व्यक्तिगतरूपमा जान चाहनेले वैदेशिक रोजगार विभागबाट अनिवार्य श्रम स्वीकृति लिनुपर्छ ।

म्यानपावर कम्पनीलाई रकम बुझाएपछि रसिद लिई सुरक्षित राख्नुपर्छ । वैदेशिक रोजगारीको निमित्त एकमुष्ट वा किस्तामा रकम बुझाएको भएमा कुन किस्ताबापत कति रकम बुझाएको हो सोकोसमेत निस्सा लिनुपर्छ । बुझाएको रकम र प्राप्त रसिदमा रकम फरक परे, नपरेको यकीन गरी वास्तविक तिरेको रकम खुलेको रसिद लिनुपर्छ । रसिदमा सम्बन्धित एजेन्सीको छाप भए/नभएको र बुझिलिनेको दस्तखत भए नभएको जाँची लिनुपर्छ ।

राहदानी, भिसा, श्रम स्वीकृति, करारपत्र, तालिमहरूको प्रमाणपत्र, रकम बुझाएका रसिदहरू, बिमा, स्वास्थ्य परीक्षण आदिको कागजात आफूसँग सुरक्षित राखी त्यसको फोटोकपी घर परिवारका व्यक्तिहरू वा भरपर्दो अभिभावकलाई छोड्नुपर्छ ।

वैदेशिक रोजगारीमा जाँदा सीपमूलक तालिम लिएर जानु उचित हुन्छ । जानूपूर्व मान्यता प्राप्त संस्थाबाट अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्छ । बिमा तथा कल्याणकारी कोषमा अनिवार्य रूपमा रकम जम्मा गर्नुपर्छ । एजेन्सी वा कोही कसैबाट गलत वा ठगी गर्न लागेको शंका लागेमा वा ठगीमा परेमा वैदेशिक रोजगार विभाग वा नजिकको जिल्ला प्रशासन कार्यालय वा प्रहरीमा तुरुन्त खबर गर्नुपर्छ ।

रोजगार गन्तव्य मुलुकमा भिसा तथा श्रम स्वीकृतिको अवधि सकिएपछि नियमानुसार म्याद थप नगरी अवैधानिकरूपमा विदेशमा बस्न वा काम गर्न हुँदैन । वैदेशिक रोजगारीको क्रममा भएको सम्झौताअनुसारको अवधिभित्र करार भंग नभएसम्म उक्त कार्य छाडी अन्यत्र काम गर्न वा विनास्वीकृति काम छाडी अन्यत्र जान हुँदैन ।

कुनै कारणले विदेशबाट असमयमा फर्कनु परेमा वैदेशिक रोजगार विभाग र पठाउने एजेन्सीमा फिर्ता आएको १५ दिनभित्रमा जानकारी गराउनुपर्छ । विदेश गएपछि सम्बन्धित मुलुकमा रहेको नेपाली दूतावास, नियोग वा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले तोकेको सम्बद्ध संस्थाको सम्पर्कमा रहनुपर्छ । कुनै समस्यामा परे ती निकायको सहयोग लिन सकिन्छ ।




# न्याय नपाए कहाँ जाने !

'न्याय नपाए गोरखा जानू' भन्ने कथन त्यसबेला थियो, जुनबेला नेपाल भन्ने देश बाइसे चौबिसे राज्यमा विभक्त थियो । र, गण्डक राज्यका नाममा गोरखाबाट राज्यमा शासन गरिरहेका थिए राजा राम शाहले । गोरखाका राजा पृथ्वीनारायण शाहले खण्डित राज्यलाई एकीकरण गरी अखण्ड नेपाल बनाए । तर, अहिले फेरि अखण्ड राज्य खण्डखण्डमा परिणत भएको छ, प्रदेश सरकार र स्थानीय सरकारका नाममा । हिजो बाइसे चौबिसे राज्य थिए । अहिले सातवटा प्रदेश र ७५३ स्थानीय तह बनेको छ ।

हिजो एक सरकार थिए अहिले ७६१ सरकार छन् । अनि आ-आफ्नै ढंगले राज्य चलाइरहेका छन् । त्यही भएर पनि त्यसबेला राम शाहको जस्तो न्याय र रामराज्य हुन सकेको छैन । अब न्याय माग्न गोरखा जाने दिन पनि गए । गण्डकमै पुऱ्याएकालाई पनि फेरि नेपाल खाल्डोमा नै ल्याएर जाक्ने काम भयो ।

माथि स्वर्गबाट रामराज्य ल्याउन खोज्ने राम शाहले मुख खोले, 'होइन त्यो मेरो पालाको न्याय कता गयो हँ ? प्रजाहरूले न्याय पाउन छाडेछन् ।'

स्वर्गमा सँगै रहेका कान्तिपुर राज्यका राजा जयप्रकाश मल्लले राम शाहलाई भने, 'जुन दिन वीरेन्द्रको वंश नाश भयो, मदन भण्डारीजस्ता नेता मारिए । बिपीजस्तो व्यक्तिलाई शासनसत्ताबाट हटाइयो त्यही बेलादेखि नै न्याय हरायो काजी !'

जयप्रकाश मल्लले राम शाहलाई काजी भने पनि उनले भने, 'होइन ए जय म कसरी काजी भएँ हँ ? म त गोरखाको राजा पो थिएँ । मृत्युपछि म काजी भएँ !'

हो त । जयप्रकाश भन्दै थिए । 'मृत्युपछि को के-के हुन्छ, हुन्छ ! तिम्रा नातिखलकले मेरो राज्य खोस्दा पनि न्याय मरेको थियो । मैले न्याय पाइनँ । मलाई मेरै भाइ भारदारहरूले सहयोग गरेनन् ।'

किन ?

उनले प्रश्न गरे ।

'सबै स्वार्थी । आफ्नो स्वार्थ पूरा नहुञ्जेल अघिपछि हुने अनि स्वार्थ पूरा भएपछि छाडिदिने छन्' नपत्याए अहिले नेपालको देश चलाउने ठेक्का लिएका राजनीतिक दलका नेताहरू हेर त ? जयप्रकाशले उत्तर दिए ।

त्यस्तो पनि हुन्छ र ? मैले त सबैका लागि न्याय पहिलो प्राथमिकतामा राखेको थिए । मैले शासन गर्दासम्म कसैले पनि अन्याय भोग्नु परेन । राम शाहले निकै नरम साथ जयप्रकाशलाई सोधे ?

'त्यही भएर त मैले काजी सम्बोधन गरेको नि । म पनि राजा तिमी पनि राजा । तिम्रा खलककै पृथ्वीनारायणले मेरो राज्य खोस्यो मैले न्याय पाइनँ । मैले न्याय नपाउँदा मैले रुनसमेत पाइनँ । हो, अहिले त्यस्तै भएको छ । दलभित्रको अन्याय हेर, न्यायालयभित्रको अन्याय हेर ! सिंहदरबारदेखि पालिकाको दरबारसम्म हेर ! बिरामी निको पार्ने अस्पतालदेखि मृत्यु संस्कार गर्ने घाटसम्म पनि अन्याय नै अन्याय छ । हेर त आज मकर संक्रान्तिको दिन परेको छ । ती थारु जातिले कहिल्यै पनि न्याय पाएनन् । सधैं अन्यायमा नै बस्नुपऱ्यो । त्यही थारु जातिलाई तिम्रो राज्य हुने छ भन्दै ५२ सालतिर उचाले । त्यही लोभमा धेरै थारुहरूले अनाहकमा ज्यान गुमाए । अखण्ड राज्यलाई खण्ड-खण्ड पारे । थारुले केही पाएनन्, बरु थारुको नाममा अरुले नै 'भारु' खाए ।

जयप्रकाशको कुरा सुनेर राम शाह खित्का छाड्दै हाँस्न थाले । 'के नचाहिने कुरा गर्छौ हो तिमी पनि, पहिलेजस्तो कहाँ छ र आधुनिक समय छ । त्यसरी अर्काको नाममा कहाँ खान पाइन्छ र ?'

'हेरहेर यिनको मति !' जयप्रकाशले खिल्ली उडाउन थाले । तिम्रो पाला जस्तो राम राज्य त कहाँ हुन्छ ? ल यता आउँ म तिमीलाई देखाउँछु ।' राम शाहको दाहिने हात च्याप्प समातेर जयप्रकाशले स्वर्गको भीरजस्तै ठाउँमा लगेर तलको बस्ती देखाउन थाले । 'अब तिमी यही स्वर्गबाट तिम्रा खलकले कब्जा गरेको मेरो राज्य हेर त कति ताण्डव चलिरहेको छ ?'

तिमीजस्तै मेरा पुर्खा पनि उत्तिनै थिए प्रजावत्सल । प्रजाको घरको धुरीबाट धुँवा नआएसम्म खानै खाँदैनथे । जयप्रकाशले आफ्ना पुर्खाको बखान गरे ।

साँच्ची 'के रे उहाँको नाम ? '

'महिन्द्र मल्ल, जसले १४ वर्ष शासन गर्दा सारा प्रजालाई खुसी दिए ।' जयप्रकाशले भने ।

ए जयप्रकाशऽ त्यो तिम्रो सहरमा के-को भीड हँ ! देब्रे हात निधारमा राखेर परसम्म हेर्दै राम शाहले सोधे ।

त्यही ताण्डव नृत्य । अलकापुरी कान्तिपुरी नगरीमा अहिले न्याय पाउन मुस्किल छ । सबैलाई सत्ता र शक्तिको उन्माद चढेको छ ।

त्यो कालो दाडी भएकोलाई किन 'देश रक्षक'हरूले घेरेका ? राम शाहले सोधे ?

कुन दाडी भएको ? कुन रक्षकले घेरेको ? निलो कपडा लगाएकाले घेरेको कि हरियो लगाएकाले घेरेको, जयप्रकाशले सोधे । यिनीहरू के रक्षक होलान् र सबै भक्षक हुन् ।

नीलो लगाएकाहरूले घेरेको दाह्रीको कुरा गरेको ?

ए त्यो नारदमुनि ? विचरा, गाईखानेका देशमा काम गरेर फर्केको केटो । सहकारी ठगको पैसामा रजजग गर्दै नारदमुनि बने छ ! नारदमुनि बन्दाबन्दै शासकहरूलाई घुमेर टुँडिखेलमा नाकको डाँडी भाँच्छु भन्दा प्रजाले ठोक-ठोक भनेर उचालेको भाग्यमानी । अहिले सहकारी ठग भन्दै न्यायका लागि कहिले गण्डक, कहिले बागमती घुमाका घुमाइ छन् अभागीलाई । अस्ति मन्त्री हुँदासम्म तिनै नीलो कपडा लगाएका रक्षकहरूले प्रजाहरूको रकम ठगी खाको छैन भन्थे । मन्त्री खुस्केपछि यही नै सहकारी ठग हो भन्दै दाह्रीलाई कहिले गण्डक राज्य, कहिले लुम्बिनी राज्य, कहिलो कान्तिपुरी नगरीमा पुऱ्याएका छन् ।' जयप्रकाशले विस्तृत नै सुनाए ।

राम शाह तीन छक्क पर्छन्, 'अस्ति सत्तामा हुञ्जेल ठीक, अनि अहिले सत्ताभन्दा बाहिर गएपछि बेठीक ! यत्तिका मानवले त न्याय पाएन भने अरु प्रजाहरूले कसरी न्याय पाउलान् त ? जयप्रकाश !'

'नेपालको कानुन जसले बनाउँछ उसैले जानुन्' भनेर भन्न थालेका छन् । न्याय भन्ने कुरा त उही पैसा पद र पावरले खाइसक्यो ? न्याय नपाए जाने ठाउँ नै छैन ! शासक बन्न सत्ताचाहिँ दिल्ली दरबार पुगेपछि पाउँछन् रे ! अरु न्याय त उही पशुपतिनाथले रक्षा गरुन् । जय नेपाल !



**ढिक्री बनाइँदै** | दाङको घोराही उपमहानगरपालिका–१४ भिङ्गौरा गाउँस्थित थारु समुदाय माघी पर्वका लागि सोमबार ढिक्री बनाउँदै । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# अझै स्तरोन्नति भएन सहिदमार्ग

**गण्डकी–** सहिदका नाममा बनेको सडक वर्षौं बित्दासमेत स्तरोन्नति हुन सकेको छैन । सडक स्तरीय नहुँदा सर्वसाधारण जोखिम मोलेर यात्रा गर्न बाध्य छन् । बागलुङको काठेखोला गाउँपालिका–५ रिजालचोकदेखि अमरभूमि हुँदै ताराखोला गाउँपालिकाको केन्द्रलाई जोड्ने सहिदमार्ग विस्तार तथा कालोपत्र नहुँदा जनगुनासो बढ्दै गएको छ ।

स्थानीय तहलाई पक्की सडकमार्फत प्रदेश राजधानीसँग जोड्ने सरकारको लक्ष्यअनुरूप उक्त सडक चार वर्षअघि नै कालोपत्रका लागि छनोटमा परेको थियो । स्थानीय पूर्वाधार आयोजना विकास कार्यालयको आयोजना छनोट समितिले गरेको उक्त निर्णय कार्यान्वयनमा भने आउन नसकेको गाउँपालिका अध्यक्ष धनबहादुर विक 'हिमाल'ले बताए ।

'सहिदमार्ग स्तरोन्नति र कालोपत्रका लागि गाउँपालिकाले पहल नगरेको होइन, तर हाम्रो मात्र प्रयासले सम्भव देखिएन,' उनले भने, 'जनस्तरबाट व्यापक दबाब सिर्जना नगरेसम्म सरकारले हाम्रो आवाज सुन्ने अवस्था छैन ।' सरकारको प्राथमिकतामा नपरेका कारण कालोपत्र योजना अलपत्र परेको उनको गुनासो छ । पूर्वाधार आयोजना विकास कार्यालय पोखरा मातहतको आयोजना छनोट समितिले उक्त सडक कालोपत्रका लागि छनोट गरी केन्द्रमा सिफारिस गरेको थियो ।

२० किलोमिटर दूरीको उक्त सडकको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाएर छिट्टै सडक कालोपत्र गरिने खबरले उत्साहित स्थानीयवासी योजना नै अलपत्र पर्दा निराश भएका छन् । जनयुद्धका बेला तत्कालीन माओवादी कार्यकर्ता र जनसमुदाय मिलेर उक्त सडकको मार्ग खोलेका थिए । पछि गाउँपालिकाले त्यसलाई 'सहिदमार्ग'को नाम दिएको थियो । मार्ग खुलेको वर्षौं बित्दासमेत सडक विस्तार र कालोपत्र हुन नसकेको हो ।

वर्षात्मा गएका पहिरो व्यवस्थापन नहुँदा हिउँदमा पनि जोखिम मोलेर यात्रा गर्नुपर्ने बाध्यता छ । हिउँदमा जेनतेन चल्ने उक्त सडक वर्षात्का बेला बन्द हुने गरेको छ । ताराखोला गाउँपालिकाको केन्द्र अर्गलको भातखाने



डाँडा जोड्ने उक्त सडक राज्यको नजरमा पर्न नसकेको स्थानीयवासीको गुनासो छ । सहिदमार्गमा पर्ने थवारको घुम्ती, मनझाँक्रीको किल्ला, थारखेतसहित कैयन ठाउँको सडक जोखिमपूर्ण रहेको स्थानीयवासी बताउँछन् ।

सडकको सामान्य मर्मत सुधार पनि हुन नसक्दा सडकको यात्रा जोखिमपूर्ण बनेको हो । ताराखोला–१ का अध्यक्ष यमबहादुर श्रीसले कालोपत्र नगरेसम्म सहिदमार्गको समस्या ज्यूँकात्यूँ रहने बताए । उनले नालीसहितको पक्की सडक बनाउनुपर्ने बताए । राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी पुष्पलाल लोकमार्गसँग जोडिने उक्त सडक कालोपत्रका लागि झण्डै ७० करोड रूपैयाँको लागत अनुमान गरिएको छ ।

योजना कार्यान्वयनमा आए संघ सरकारको ७०, प्रदेशको १० र गाउँपालिकाको २० प्रतिशत लागत साझेदारी रहने जनाइएको थियो । पक्की सडकसँग जोडिएमा यात्रुको आउजाउ सहज हुनुका साथै ताराखोलाको स्थानीय उत्पादनलाई बजारीकरण गर्न सघाउन पुग्ने देखिन्छ । कृषि, पशु र वनजन्य उपजका दृष्टिले ताराखोला धनी छ । सडक स्तरोन्नति नहुँदा अहिले ताराखोलादेखि सदरमुकाम आउन घण्टौं यात्रा गर्नुपर्छ । सडक कालोपत्र भएमा भने लोकमार्ग हुँदै प्रदेश राजधानी पोखराको यात्रा सहज र छरितो हुने छ । *रासस*

# मनाङमा वर्षकै पहिलो हिमपात

**मनाङ (प्रस)–** हिमाली जिल्ला मनाङमा पुसको अन्तिम सातामा हिमपात भएको छ । हिमपात नहुँदा चिन्तामा परेका मनाङवासी यतिबेला खुसी भएका छन् ।

चिसो अत्यधिक बढे पनि यहाँ हिमपात हुन सकेको थिएन । विगतका वर्षमा मंसिरदेखि हिउँ पर्ने भए पनि यस वर्ष पुसको अन्तिम सातामा मात्रै हिउँ परेको छ । हिमपात भएपछि यहाँका कालापत्थरमा परिणत हुन लागेका डाँडाकाँडामा हिउँले भरिएको डिस्याङ गाउँपालिका–१ पिसाङका किसान मुखिया गुरुङले सुनाए ।

ढिलागरी हिउँ पर्दा खुसी लागेको गुरुङले बताए । उनले भने, 'भारी हिमपात नभए पनि सुरुआत भएको छ, यसले केही आशा जगाएको छ ।' आफूले गरेको उत्पादनले दुई महिनामात्रै खान पुग्ने उल्लेख गर्दै उनले हिउँ पर्दा खुसी लागेको बताए । हिउँ परेपछि जमिन तथा मल भिजेर रसिलो हुने र बालीनाली सप्रने उनको भनाइ थियो ।

किसानका अनुसार हिउँ परेपछि बहुमूल्य जडीबुटी यार्सागुम्बा, निरमंसी, पाँचऔंले, चिराइतोलगायतका उत्पादन बढ्छ भने तल्लो भागमा परेको हिउँले खेतीपातीका लागि मलकै रूपमा काम गर्दछ । दुई हप्ताअघि मात्र सिँचाइ गरेका मनाङ चामेका किसान शेराप विष्टले हिमपातले खुसियाली ल्याएको बताए ।

नासो गाउँपालिका–८ ताचैका यज्ञ घलेले हिमाली क्षेत्रमा हिउँ नपर्दा पर्यटन व्यवसाय प्रभावित भएको बताए । उनले भने, 'कलकारखाना नभएको हिमाली जिल्लामा हिउँ नै नहुँदा पर्यटक के हेर्ने आउने ? प्राकृतिक सुन्दरता नै गुम्न थालेको थियो ।' उनका अनुसार हिउँ पर्दा पर्यटक बढ्छन् । हिमाली सौन्दर्य रहिरहन्छ ।

जलवायु परिवर्तनले समयमा हिमपात नहुँदा मनाङका हिमाल कालापत्थर बन्दै गएका छन् । अन्नपूर्ण, गंगापूर्ण, लमजुङलगायतका हिमालका आधाभन्दा बढी भाग कालापत्थरमा रूपान्तरण भइसकेका छन् । जिल्लाको माथिल्लो क्षेत्रमा केही मात्रामा फाट्टफुट्ट हिमपात भए तल्लो क्षेत्रमा अहिलेसम्म हिउँ पर्ने संकेत नदेखिएको नासों गाउँपालिका–५ का वडाध्यक्ष थुतेन लामाले बताए । हिमपात नहुँदा चिस्यान नहुने, आलु, उवा र फापर छर्ने ठाउँमा जोत्न पनि मुस्किल भएको उनले बताए ।

# नेपाल–भारत संयुक्त सैनिक अभ्यास सम्पन्न

**काठमाडौं (प्रस)-** नेपाली सेना र भारतीय सेना सम्मिलित संयुक्त सैनिक अभ्यास 'सूर्यकिरण'को अठारौं संस्करण सोमबार सम्पन्न भएको छ । रूपन्देहीको सालझण्डीस्थित नेपाली सैनिक ब्याटल स्कुलमा यही पुस १६ गतेदेखि सुरु भएको उक्त सैनिक अभ्यास सोमबार सम्पन्न भएको हो ।

एक विशेष कार्यक्रमका बीच अभ्यासको समापन गर्दै बलाध्यक्ष रथी प्रदिपजंग केसीले संयुक्त अभ्यास सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउने सम्बद्ध सम्पूर्ण निकायलाई धन्यवाद ज्ञापन गरे । उनले अभ्यासका क्रममा दुवै देशका फौजले प्रदर्शन गरेको व्यावसायिक दक्षता, उच्चस्तरको समर्पण र सामूहिक लगाव प्रशंसनीय रहेको बताए ।

संयुक्त अभ्यास निर्देशक सहायक रथी सुरज गुरुङद्वारा अभ्यासको संक्षिप्त जानकारीसहित सुरु भएको कार्यक्रममा भारतीय सेनाको अभ्यास पर्यवेक्षक समूहका तर्फबाट ब्रिगेडियर जनरल गोविन्दन प्रविणले मन्तव्य राखेका थिए । विपद् व्यवस्थापन, प्रतिविद्रोह, प्रतिआतंकवाद, जंगल युद्धकला र मानवीय सहयोगलगायत विषय समावेश गरी अभ्यास सञ्चालन भएको नेपाली सेनाले जनाएको छ । अभ्यासमा नेपाली सेनाका तर्फबाट प्रमुख सेनानी निराजन कटवाल र भारतीय सेनाबाट कर्णेल जपेन्दर पाल सिंहको नेतृत्वमा दुवै देशका ६६८ सैनिकहरू सहभागी भएका थिए ।

समापन कार्यक्रममा मध्य पश्चिम पृतनापति उपरथी प्रेमबहादुर पुन, रथीवृन्द, अधिकृत, नेपालका लागि भारतीय सैनिक सहचारीलगायतको उपस्थिति थियो । वि.सं. २०६७ देखि नेपाल र भारतमा आलोपालो सञ्चालन हुँदै आएको यस अभ्यासले दुई देशबीच रहँदै आएको मैत्रीपूर्ण पारस्परिक सम्बन्धलाई थप प्रगाढ बनाउनाका साथै सकल दर्जामा पेसागत सिपको विकास तथा आपसी समझदारी अभिवृद्धि हुने नेपाली सेनाले विश्वास लिएको छ ।

# देवघाटमा सुरू भयो माघे संक्रान्ति मेला

**चितवन (प्रस)-** विभिन्न आश्रमका पीठाधीश, सन्तमहन्त, भक्तजन, स्थानीयलगायतको सहभागितामा चितवन, तनहुँ र नवलपरासीको संगमस्थल देवघाटको बेनीमा माघे संक्रान्ति मेलाको शुभारम्भ गरिएको छ । नेपाल सन्त समाजका अध्यक्ष ज्ञानानन्द सरस्वती, महेश सन्यास आश्रमका पीठाधीश रमणानन्द गिरी उक्त अवसरमा उपस्थित रहेको देवघाट क्षेत्र विकास समितिका कार्यकारी निर्देशक सदन बरालले बताए ।

मेलाको शुभारम्भ गरिएसँगै अन्यत्रदेखि भक्तजन आउनेक्रम सुरु भएको छ । नदीमा स्नानका लागि रेखांकनको काम गरिएको छ । देवघाटमा पुसको अन्तिम दिनदेखि मकर स्नान मेला सुरु हुन्छ । गोसाइँकुण्डबाट आएको त्रिशूली र मुक्तिनाथबाट आएको कालीगण्डकी दोभान देवघाटमा माघे संक्रान्तिका दिन नुहाउँदा फल प्राप्त हुने जनविश्वास छ । स्वदेशका मात्रै नभएर भारतका हिन्दूहरू पनि यस दिनमा स्नान गर्न आउने गर्दछन् । माघे संक्रान्तिमा देवताहरू पनि नुहाउन, तीर्थ गर्न देवघाट आउने धार्मिक कथन रहेको छ ।

सोमबार राति भक्तजन देवघाटमा जाग्राम बस्ने प्रचलन छ । धर्मशास्त्रअनुसार सौरमासका हिसाबले माघे संक्रान्तिदेखि सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने हुनाले यसलाई 'मकर संक्रान्ति' भनिएको हो । सोमबारदेखि सूर्य दक्षिणी गोलार्द्धबाट उत्तरी गोलार्द्धतर्फ प्रवेश गर्ने भएकाले दिन लामो र रात छोटो हुँदै जाने विश्वास गरिन्छ ।

'भविष्य पुराण', 'विष्णुवचन' तथा 'धर्मसिन्धु' नामक ग्रन्थमा यस दिन पवित्र तीर्थस्थलमा स्नान गरी घीउ, चाकु, तिलको लड्डु, सागपात, तरुल, वस्त्र, पानीको भाँडो र मकलसहितको सिदा दान गरेमा विशेष फल प्राप्त हुने र उक्त पदार्थ आफूले खाएमा शरीर पोषिलो हुनाका साथै निरोगी भइने जनविश्वास छ । देवघाटमा नेपाल र भारतबाट भक्तजन स्नानका लागि आउने गर्दछन् ।

# सिक्लेसमा ठेलो हान्ने मेला

**गण्डकी–** कास्कीको पर्यटकीय गाउँ सिक्लेसमा २०० वर्षअघि देखिको इतिहास जोडिएको माघे संक्रान्ति मेला आज (मंगलबार)देखि सुरु हुने भएको छ । कास्की र आसपासका क्षेत्रमा प्रचलित प्राचीन मेलाहरूमध्येको यो मेला मेला सिक्लेस युवा क्लबको आयोजनामा गर्न लागिएको हो । सिक्लेसमा माघे संक्रान्तिका दिनमा ठेलो हान्ने प्राचीन परम्परा २०० वर्षअघिदेखि प्रचलनमा आएको इतिहासअनुसार त्यही समयदेखि नै यो मेला हुँदै आएको विश्वास गरिन्छ । क्लबका अध्यक्ष भोलामान गुरुङले 'ग्रामीण पर्यटन प्रवर्द्धनका लागि सिक्लेस माघे संक्रान्ति मेला' भन्ने नाराका साथ मेला गर्न लागिएको बताए ।

उनका अनुसार माघ १ देखि ४ गतेसम्म खुला पुरुष तथा महिला भलिवल, पुरुष बास्केटबल, गुरुङ गीतमा सामूहिक नृत्य प्रतियोगिता, ठेलोलगायत लोपोन्मुख स्थानीय खेलकुदका प्रतियोगितासहित विभिन्न सांस्कृतिक कार्यक्रम गरिने छ । मेलाका अवसरमा हुने खुला पुरुष भलिबल प्रतियोगिताका विजयीले एक लाख नगदका साथमा मेडल र प्रमाणपत्र, द्वितीय हुनेले ७० हजार रूपैयाँसहित मेडल र प्रमाणपत्र पाउने आयोजकले जनाएको छ ।

त्यस्तै खुला महिला भलिबलतर्फ प्रथम हुनेले ३० हजार रूपैयाँ, मेडल र प्रमाणपत्र तथा द्वितीय हुनेले २० हजार रूपैयाँ, मेडल र प्रमाणपत्र पाउने छन् । खुला पुरुष बास्केटबलतर्फ प्रथम हुनेले एक लाख रूपैयाँसहित मेडल र प्रमाणपत्र तथा द्वितीय हुनेले ७० हजार रूपैयाँसहित मेडल र प्रमाणपत्र पाउने छन् ।

मेलामा गुरुङ भाषा गीतको सामूहिक नृत्यमा प्रथम हुनेले ६० हजार रूपैयाँ, मेडल र प्रमाणपत्र तथा द्वितीय हुनेले ४५ हजार रूपैयाँ, मेडल र प्रमाणपत्र पाउने छन् । तेस्रो हुनेले ३० हजार रूपैयाँ, मेडल र प्रमाणपत्र पाउने जनाइएको छ । प्रतियोगिताअन्तर्गत ठेलो खेलका विजेताले ४५ हजार रूपैयाँसहित मेडल र प्रमाणपत्र तथा द्वितीय हुनेले ४० हजार रूपैयाँसहित मेडल र प्रमाणपत्र पाउने छन् । सभायुला युवा परिवारले सञ्चालन गर्ने ठेलो प्रतियोगिताको प्रमुख आतिथ्यता ठेलो प्रतियोगिताका पूर्वविजेता केशबहादुर गुरुङले गर्ने जनाइएको छ ।

पोखराबाट करिब ४० किलोमिटरको दूरीमा कास्कीको उत्तरपूर्वी भेगमा रहेको सिक्लेस मादी गाउँपालिका–१ अन्तर्गत अन्नपूर्ण हिमाल र लमजुङ हिमाल काखमा रहेको छ । यहाँ ४५० घरधुरी रहेका छन् । ग्रामीण पर्यटन केन्द्रका रूपमा विकास भइरहेको यहाँ पर्यटकको सुविधालाई लक्षित गरी सुविधासम्पन्न ४७ वटा होटल दर्ता भई सञ्चालनमा रहेका छन् ।

त्यसैगरी, ३६ वटा घरबास सञ्चालनमा छन् । पर्यटकीय याममा एक हजार ५०० देखि दुई हजार जनासम्म पर्यटक सिक्लेसमा घुम्न आउने गरेको मादी गाउँपालिका–१ का वडाध्यक्ष देवीजंग गुरुङले जानकारी दिए । सिक्लेसमा करिब ९०० वर्षअघिदेखि नै बसोबास सुरु भएको अनुमान गरिने बताउँदै उनले २०० वर्षअघिदेखि यहाँ माघे संक्रान्तिका अवसरमा ठेलो हान्ने प्रचलन रहेका कारण सिक्लेस माघे संक्रान्ति मेला सुरु भएको अनुमान गरिने जानकारी दिए ।

पछिल्लो समय सिक्लेस जाने बाटोलाई व्यवस्थित गर्ने उद्देश्यका साथ तेस्रो खण्डको काम सुरु हुन लागेको उनले जानकारी दिए । काहुँखोला सिक्लेस सडकमा अहिले तस्रो खण्डको कालोपत्र गर्ने काम सुरु गर्न लागिएको उनले बताए । गाउँ तथा पर्यटकको सुरक्षाका लागि ६४ स्थानमा सिसी क्यामरा जडान गरिएको उनले जानकारी दिए । स्थानीयको सेवाका लागि चाँडो काम गर्न प्रविधिमैत्री काम थालिएको बताउँदै उनले कतिपय अवस्थामा जनतालाई कार्यालयसम्म जान नपर्ने सुविधासमेत दिइएको बताए । *रासस*


## कतारमा रोजगार

कम्पनी : CITIZEN CONTRACTING CLEANING AND SERVICES WLL

पूर्व स्वीकृति मिति : २०८१/०६/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२९ | LT. No. 311918 | चलानी नं. ६०२२६३७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason, Weldiong Technician, P | 2 | 00 | 1200 | ४५,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver (Light/heavy) | 2 | 0 | 2000 | ७५,४२० | | | | | | | |
| 3 | Foreman | 4 | 31 | 2500 | ९४,२७५ | | | | | | | |
| 4 | Gen Clean Worker | 5 | 0 | 1000 | ३७,७१० | | | | | | | |
| 5 | Labor Services | 2 | 0 | 1000 | ३७,७१० | | | | | | | |
| 6 | Supervisor | 3 | 0 | 2500 | ९४,२७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ८ गते (21st Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD

श्रम ईजाजत नं. १२२४/०७४/०७५

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257, E-mail: jalajalarecru2017@gmail.com

## साउदीमा रोजगार

कम्पनी : Shamaa Horizon Contracting

पूर्व स्वीकृति मिति : २०८१/०९/२८ | LT. No. 316905 | चलानी नं. ६०२३१२८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 4 | 0 | 1000 | ३६,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Al Bareeq Al Motamayez Company Ltd.

पूर्व स्वीकृति मिति : २०८१/०९/२८ | LT. No. 316904 | चलानी नं. ६०२३१२८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 4 | 0 | 1000 | ३६,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ८ गते (21st Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Target Consultant Human Resources Pvt. Ltd.

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251

E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

श्रम ईजाजत नं. ८३३/०६६/०६७

## युएईमा रोजगार

कम्पनी : PAN EMIRATES HOME FURNISHINGS LLC -DUBAI BRANCH

पूर्व स्वीकृति मिति : २०८१/०९/२९ | LT. No. 317052 | चलानी नं. ६०२३१३०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 10 | 0 | 1200 | ४५,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper | 10 | 0 | 1000 | ३७,७०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ८ गते (21st Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Aseana International Pvt. Ltd.

Lekhnath, Marga, Nayabazar-16, Kathmandu, Nepal, Tel:- 01-498950

Email:-aseana.manpower@gmail.com, info@asenainternational.com, Website:- www.aseanainternational.com

Govt. License 937/067/068

## साउदीमा रोजगार

कम्पनी : QEMA REAWEA CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८१/०९/२८ | LT. No. 317084 | चलानी नं. ६०२३१२७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel House Keeper | 2 | 0 | 1100 | ४०,५७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | KITCHEN WORKER | 3 | 0 | 1100 | ४०,५७८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ७ र ८ गते (21st & 22nd. Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASMITA INTERNATIONAL OVERSEAS P. LTD.

Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547

E-mail : asmitainternational2013@gmail.com

Govt. License 771/065/066

## साउदीमा रोजगार

कम्पनी : Hilal Al Meydan Contracting Co

पूर्व स्वीकृति मिति : २०८०/०८/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२९ | LT. No. 295755 | चलानी नं. ६०२१०८०१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging and Wrapping Worker | 7 | 0 | 1000 | ३६,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौं र बिर्तामोड, झापामा मिति: २०८१ माघ ८ गते (21st Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Career International Services (P.) Ltd.

License No. : 646/063/064

धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com

# प्रभाव दैनिक

रूपशाला


### 'आशीर्वाद'लाई 'पिजी' प्रमाणपत्र

युवा निर्देशक राजकुमार राई निर्देशित पछिल्लो चलचित्र 'आशीर्वाद' लाई नेपाल सरकार केन्द्रिय जाँच समितिले पिजि प्रमाणपत्र प्रदान गरेको छ । समसामयिक कथावस्तुमा आधारित 'आशीर्वाद'मा विमला खजुम, उदय सुब्बा, विश्व मुखिया, विनोद मगर, बिजय ईङ्नाम, कविता राई, मनोज राई, रश्मी राई, आरोही राई आदि कलाकारले अभिनय गरेका छन् । मैना राईको निर्माण परिकल्पना रहेको छ । चलचित्र नेपाल प्रहरीमा सेवारत निर्माता, निर्देशक राजकुमार राईका अनुसार 'आशीर्वाद'लाई सुरूमा विदेशमा रहने नेपालीहरू माफ प्रदर्शन गरिने र त्यस पश्चात नेपालमा प्रदर्शन गरिने छ ।



मंगलबार, ०१ माघ २०८१ (Tuesday, January 14, 2025)

# ट्रेलरमा 'पिताम्बर'



■ प्रभाव संवाददाता

**काठमाडौं –** नयाँवर्ष २०८२ को छेको पारेर आगामी चैत २९ गतेबाट रिलिज हुने फिल्म 'पिताम्बर'को एक्सनपूर्ण टिजर सार्वजनिक भएको छ । राजधानीमा सोमबार एक कार्यक्रम गर्दै निर्माण टिमले टिजर सार्वजनिक गरेको हो ।

फिल्मका कलाकार दिव्य देवले महाभारतको उद्धरण 'यदा यदा ही धर्मस्य'बाट वाचन गरेपछि सुरु हुने टिजरमा फिल्मका कलाकारहरू प्रदीप खड्का, अनुपविक्रम शाही, दयाहाङ राई, सौगात मल्ल, सुरक्षा पन्त, सुपुष्पा भट्ट, दिव्या रायमाझी, रविन्द्र झा अँटाएका छन् ।

बुढासुब्बा डिजिटलबाट सार्वजनिक टिजरमा प्रदीप र सौगातको एक्सनलाई विशेष स्थान दिइएको छ । टिजरमा कलाकार रविन्द्रले 'कथामा बहुत ट्वीस्ट भयो, दुई वटा पिताम्बरको एउटै कथा छ' भनी बोलेको संवादले फिल्ममा दुई पिताम्बर हुन् कि भन्ने छनक दिन्छ ।

निर्देशक कृषाले हरेक कथा अनुसार नयाँ फिल्म बन्ने भएकाले 'पिताम्बर' पनि नयाँ कथा रहेको बताइन् । उनले आफ्नो टिमले ठूलो क्यानभासमा राम्रो फिल्म बनाएको भन्दै त्यो कुरा ट्रेलर रिलिजमा देखिने बताइन् ।

नायक प्रदीप खड्काले एक्सनले सबै कुरा बोल्नै भन्दै टिजरमा सबै कुरा केही हदसम्म देखिएको दाबी गरे । फिल्म चाहना अनुसार बनेको भन्दै आफूले 'पिताम्बर'मा स्क्रिप्ट भन्दा पनि निर्देशक कृषाको इन्टेन्सन हेरेर काम गरेको खुलाए । उनले आफ्नो करियरमा 'पिताम्बर' नयाँ खुड्किलो हुने दाबी गरे ।

निर्माता विशाल चौलागाईंले फिल्म प्रति आफ्नो रुची बढ्दै गएकाले अझ राम्रो फिल्म बनाउनेमा आफू प्रतिबद्ध रहेको बताए । दिदी कृषाको फिल्म प्रतिको लगाव प्रति आफू नतमस्तक रहेको बताउँदै आफू फिल्ममा सक्रिय रहँदा साथीभाईहरू पनि छक्क परेको खुलाए । पेशाले मेडिकल व्यवसायी विशालले यसअघि कृषाको निर्देशन रहेको फिल्म 'ऐंचोपैंचो' निर्माण गरेका थिए ।

नायिका सुरक्षा पन्तले एउटा राम्रो टिमसँग सहकार्य गर्न पाउँदा खुशी लागेको बताइन् । नायिका सुपुष्पा भट्टले फिल्ममा आफूले 'इमोसनल' चरित्र निभाउनु परेकाले चरित्र विकासमा सहयोग पुगेको बताइन् । नायिका दिव्या रायमाझीले फिल्म आफ्ना लागि राम्रो बनेको बताइन् ।

फिल्म 'ऐंचो पैंचो'बाट निर्देशनमा पाइला चालेकी कृषाले यसअघि 'इन्साफ', 'कसम हजुरको', 'के म तिम्रो साथी बन्न सक्छु' र 'पलास' निर्माण गरिसकेकी छन् ।

केपी फिल्मस् र पुरुषोत्तम प्रधान फिल्मस्को ब्यानरमा निर्माण भएको फिल्ममा प्रदीप खड्का, दयाहाङ राई, सौगात मल्ल, आर्यन सिग्देल, अनुपविक्रम शाही, सुरक्षा पन्त, गौरी मल्ल, रविन्द्र झा, प्रमोद अग्रहरि, कामेश्वर चौरासिया, टिका पहाडी, सुलभ पहाडी, सुरवीर पण्डित, विशाल पहाडी, दिव्यदेव पन्त, सुपुष्पा भट्ट, दिव्या रायमाझी, गौरव विष्ट, आशिष पुरुष, ललित विष्ट, किशोर भट्ट, विनोदकुमार पौडेल, नारायण काफ्ले र रविन्द्र भट्टराईको अभिनय छ ।

फिल्ममा बाल कलाकारका रूपमा आर्नव घिमिरे, प्रयुस दत्त सुवेदी, आध्य लामिछाने, आरोह चौलागाईं र सुप्रोल बुढाथोकी(अनमोल)ले समेत अभिनय गरेका छन् ।

विशाल चौलागाईं निर्माता रहेको फिल्ममा पुरुषोत्तम प्रधान, आध्य लामिछाने र आरोह चौलागाईं सह-निर्माता, सुमन गौतम कार्यकारी निर्माता, प्रदीप भारद्वाज र अभिमन्यु निरवीको पटकथा र संवाद, पुरुषोत्तम प्रधानको डीओपी, शेरबहादुर लामा र मानकृष्ण महर्जनको छायांकन, बन्दे प्रसादको सम्पादन, आशीष अविरल र बाबुल गिरीको संगीत, हिमाल केसीको द्वन्द्व छ । फिल्म आरआर फिल्मस्ले वितरण गर्दैछ ।

# 'आइसी डिजाइनर रनवे'का लागि २५० ले दिए अडिसन



■ प्रभाव संवाददाता

**काठमाडौं –** १४औँ 'आईसी डिजाइनर रनवे'का लागि २५० मोडलले अडिसन दिएका छन् । मोडल छानौटका लागि काठमाडौँको होटल याक एन्ड यतिमा आइतबार आयोजित पहिलो चरणको अडिसनमा केटा र केटी मोडल गरेर २५० मोडलले अडिसन दिएका हुन् । छनौट चरणको अर्को अडिसन आउँदो साता बिराटनगर, पोखरा र बुटवलमा हुने फेसन शोको म्यानेजमेन्ट जिम्मेवारी लिएको नेक्स्ट मोडल्स नेपालले जनाएको छ ।

छनौट चरणको अडिसनमा आस्था पोखरेल (फेसन कोरियोग्राफर), सन्तोष लोक्सम लिम्बु (मिष्टर नेपाल २०२४), निमेश कपाली (फेसन मोडल), नम्रता श्रेष्ठ ( मिस नेपाल २०२०), राजभाई सुवाल (कमर्सियल फोटोग्राफर) निर्णायकको रूपमा रहेका थिए ।

काठमाडौं र मोफसलको अडिसनबाट ३० फिमेल र ६ मेल मोडल फेसन शोका लागि छानिनेछन् । छानिएका मोडलले काठमाडौँमा आयोजना हुने फेसन शोमा क्याटवाक गर्नेछन् 'आईसी डिजाइनर रनवे' आगामी मार्च २८ र २९ गते काठमाडौँको होटल याक एण्ड यतिमा २ दिन आयोजना हुँदैछ । 'आइसी डिजाइनर रनवे' एक उत्कृष्ट फेसन सो हो । विगत धेरै वर्षदेखि नियमित एक दिन आयोजना हुँदै आएको फेसन सो यो बर्षबाट अझ बृहत रूपमा २ दिन आयोजना हुन लागेको छ । शोमा आइसी कलेजका विद्यार्थी डिजाइनरहरूले तयार पारेका फरक फरक पहिरन बिभिन्न सिक्वेलमा प्रदर्शन हुनेछ ।

शोमा यो पटक नेपालका अधिकाम्स सेलिब्रेटी र्‍याम्पवाकमा देखिने आयोजकले जनाएको छ । अहिलेसम्मकै उत्कृष्ट र बृहत फेसनको शोको रूपमा 'आइससी डिजाइनर रनवे' १४ आफूले प्रस्तुत गर्ने तयारी गरेको नेक्स्ट मोडल्स नेपालका सिइयो रवि धमलाले जानकारी दिए ।

'आइसी डिजाइनर रनवे'को मुख्य उद्देश्य नेपाली फेसन डिजाइनरको प्रचारप्रसार गर्दै उनीहरूले डिजाइन गरेका नेपाली फेसनका आकर्षक डिजाइन अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउनु रहेको आयोजक आइसी कलेजकी प्रबन्ध निर्देशक शैलजा अधिकारीले जानकारी दिइन् ।



**यू-१९ महिला विश्वकप अभ्यास**

# बलियो वेस्ट इन्डिजसँग नेपाल झिनो अन्तरले पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं –** आइसीसी यु-१९ महिला टी-२० विश्वकपको अभ्यास खेलमा नेपाल पराजित भएको छ । वेष्ट इन्डिजसँगको खेलमा नेपाल नौ रनले पराजित भएको हो ।

मलेसियामा सोमबार भएको पहिलो अभ्यास खेलमा वेष्ट इन्डिजले नेपाललाई जितका लागि एक सय १० रनको लक्ष्य दिएको थियो । नेपालको पारी १९ दशमलव एक ओभरमा एक सय रनमै समेटियो । नेपालका लागि सिमाना केसीले २३, पूजा महतोले १८, किरण कुँवरले १८ र सोनी पाखिनले १५ रन बनाए । बलिङतर्फ वेष्ट इन्डिजकी त्रिशा हरदत, आलिया विकीज र आमिया गिल्बर्टले दुई दुई विकेट लिइन् ।

यसअघि टस जितेर पहिला ब्याटिङ गरेको वेष्ट इन्डिजले २० ओभरमा चार विकेट गुमाएर एक सय नौ रन बनाएको थियो । वेष्ट इन्डिजका लागि जजारा क्लक्सटनले अविजित २२ रन बनाइन् । यस्तै कप्तान समारा रमनथले २५ र अबिगेल ब्राइसले १९ रनको योगदान दिइन् । बलिङतर्फ नेपालकी सिमाना केसी र रचना कुमारी चौधरीले एक-एक विकेट लिइन् ।

नेपालले दोस्रो अभ्यास खेल आगामी माघ २ गते अमेरिकासँग खेल्नेछ । माघ ५ गतेदेखि मलेसियामा सुरु हुने यु-१९ महिला टी-२० विश्वकपमा नेपाल समूह 'डी' मा रहेको छ । उक्त समूहमा बङ्गलादेश, स्कटल्याण्ड र अस्ट्रेलिया रहेका छन् । नेपालले माघ ५ गते बङ्गलादेशसँग, माघ ७ गते स्कटल्यान्डसँग र माघ ९ गते अस्ट्रेलियासँग खेल्ने छ ।

# नवनियुक्त राखेप उपाध्यक्ष आचार्यद्वारा पदवहाली

■ प्रभाव संवाददाता

**काठमाडौं –** राष्ट्रिय खेलकुद परिषद् (राखेप) का नवनियुक्त उपाध्यक्ष ध्रुव आचार्यले सोमबार पदवहाली गरेका छन् । उनलाई युवा तथा खेलकुद मन्त्रालयले सोमबारै मनोनयन पत्र हस्तान्तरण गर्नुका साथै खेलकुदमन्त्री तेजुलाल चौधरीले पद तथा गोपनीयताको सपथ खुवाए ।

राखेपका सदस्य-सचिव टंकलाल घिसिङलगायतले उपाध्यक्ष आचार्यलाई राखेपमा स्वागत गरेका थिए । पुस १६ गतेको मन्त्रिपरिषद् बैठकले बुटवल उपमहानगरपालिका ७ का आचार्यलाई उपाध्यक्षमा मनोनयन गर्ने निर्णय गरेको थियो । आचार्य मदन भण्डारी स्पोर्ट्स एकेडेमीका अध्यक्ष हुन् ।

यसअघिका उपाध्यक्ष शिव कोइरालाको २०८१ साल साउन ११ गते पदावधी सकिएपछि राखेपको उपाध्यक्ष पद रिक्त थियो ।



# पुलिस विजयी हुँदा एपिएफ र संकटा बराबरी

■ प्रभाव संवाददाता

**काठमाडौं –** एन्फा यु-१६ को लिगमा सोमबार दुई खेल सम्पन्न भएका छन् ।

पहिलो खेलमा विभागीय टोली नेपाल पुलिस क्लबले एन्फा मछिन्द्र फुटबल क्लबविरुद्ध २-१ को रोमाञ्चक जित दर्ता गरेको छ भने दोस्रो खेलमा संकटा क्लब र नेपाल एपिएफ क्लब बराबरीमा रोकिएका छन् ।

एन्फा यु-१६ को लिगमा सोमबार भएको खेलमा दुवै टिम १-१ को बराबरीमा रोकिएका हुन । सातदोबाटोस्थित अखिल नेपाल फुटबल संघ (एन्फा) मुख्यालय मैदानमा एपिएफका लागि उत्सव थापा र संकटाका लागि पेम्बा तामाङले एक एक गोल गरेर खेल बराबरीमा रोकेका हुन ।

खेलको पहिलो हाफको २८औं मिनेटमा उत्सवको गोलमार्फत एपिएफले अग्रता लिएको थियो भने दोस्रो हाफको ७० औं मिनेटमा पेम्बाले जवाफी गोल गर्दै संकटालाई खेललाइ बराबरीमा ल्याएका थिए । त्यसपछि दुवैतर्फवाट गोल हुन सकेन् । यो जीतसँग एपिएफले ४ खेलबाट ८ अंक जोडेको छ भने संकटाको समान खेलबाट ५ अंकमा सिमित भएको छ ।

त्यसअघि पहिलो खेलमा विभागीय टोली नेपाल पुलिस क्लबका लागि समीर राई र नसीब हेन्जनले गोल गर्दै जित दिलाएका थिए । त्यस्तै पराजित मछिन्द्रका लागि सौगातकुमार बोम्जनले जवाफी गोल गरेका थिए ।

सातदोबाटोस्थित अखिल नेपाल फुटबल संघ (एन्फा) मुख्यालय मैदानमा पुलिस विजयी भएका थिए । खेलको पहिलो हाफमा २४औं मिनेटमा सौगातको गोलमार्फत मछिन्द्रले अग्रता लिए पनि खेलको ४८औं मिनेटमा समीरले पुलिसका लागि बराबरी गोल फर्काएका थिए । साथै, नसीवले ५८औं मिनेटमा गोल गर्दा पुलिस २-१ ले अगाडि बढ्न सफल भयो ।

जितसँगै पुलिसले तीन खेलमा सात अंक जोडन सफल भएको छ भने पराजित मछिन्द्रको समान खेलबाट ६ अंकमा सिमित रहेको छ ।

# जेफ बेजोसको विशाल नयाँ रकेटको पहिलो प्रक्षेपण रद्द



**केप क्यानाभेरल (फ्लोरिडा)-** ब्लु ओरिजिनले प्राविधिक समस्याका कारण आफ्नो विशाल नयाँ रकेटको पहिलो प्रक्षेपण सोमबार बिहान रद्द गरेको छ ।

३२० फिट (९८ मिटर) लामो न्यु ग्लेन रकेट बिहानै फ्लोरिडाको केप क्यानाभेरल स्पेस फोर्स स्टेशनबाट एउटा प्रोटोटाइप स्याटेलाइट लिएर उड्ने योजना थियो । तर प्रक्षेपण नियन्त्रकहरूले काउन्टडाउनको अन्तिम मिनेटमा अनिर्दिष्ट रकेट समस्यासँग जुध्नुपर्‍यो र काउन्टडाउनको समय सकियो ।

काउन्टडाउन घडी रोकिएपछि उनीहरूले तुरुन्तै रकेटबाट सबै इन्धन निकाल्न थाले । ब्लु ओरिजिनले समस्या समाधान गर्न थप समय चाहिने बताउँदै तत्काल नयाँ प्रक्षेपण मिति तय गरेन । एटलान्टिकको फ्लोटिङ प्लेटफर्ममा पहिलो चरणको बुस्टर अवतरण गर्ने कम्पनीको योजनामा जोखिम निम्त्याउने खराब सामुद्रिक लहरका कारण परीक्षण उडान पहिले नै ढिलो भइसकेको थियो ।

न्यु ग्लेन नाम पृथ्वीको कक्षामा पुग्ने पहिलो अमेरिकी जोन ग्लेनको नामबाट राखिएको हो । यो टेक्सासबाट ग्राहकहरूलाई अन्तरिक्षको सीमासम्म लैजाने ब्लु ओरिजिनको न्यु शेपर्ड रकेटभन्दा पाँच गुणा अग्लो छ ।

अमेजनका जेफ बेजोसले २५ वर्षअघि यो कम्पनीको स्थापना गरेका थिए । उनले फ्लोरिडाको ओर्लान्डोबाट करिब ५० माइल (८० किलोमिटर) पूर्वमा नासाको केनेडी स्पेस सेन्टरको गेटबाहिर रहेको रकेट कारखानामा रहेको मिसन कन्ट्रोलबाट सोमबारको काउन्टडाउनमा भाग लिएका थिए ।

जे भए पनि बेजोसले आइतबार साँझ भने, 'हामी उठ्नेछौं र अघि बढ्नेछौं ।' *रासस/एपी*

# भारतीय प्रधानमन्त्रीद्वारा चीन सीमा क्षेत्रतर्फको रणनीतिक सुरूङ उद्घाटन

**श्रीनगर (भारत)-** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सोमबार एक रणनीतिक हिमाली सडक सुरुङको उद्घाटन गरेका छन् । उक्त सडकले प्रतिद्वन्द्वी चीन र पाकिस्तानसँगको विवादित उच्च-भूमि सीमा क्षेत्रहरूतर्फ सबै मौसममा पहुँच पुर्‍याउने छ ।

छ दशमलव चार किलोमिटर (चार माइल) लामो र वर्षको चारदेखि छ महिनासम्म हिउँले बन्द हुने खतरनाक पर्वत भञ्ज्याङमुनि फैलिएको जेड-मोड वा सोनमार्ग सुरुङ सीमा क्षेत्रहरूमा व्यापक पूर्वाधार अभियानको एक हिस्सा हो ।

यसले भारत-प्रशासित काश्मीरलाई लद्दाखसँग जोड्न मद्दत गर्छ र सैन्य आपूर्तिको द्रुत परिचालन सम्भव बनाउन श्रीनगर-लेह राजमार्गलाई वर्षभरि खुला राख्न सघाउँछ । 'यहाँ सुरुङको उद्घाटनसँगै कनेक्टिभिटी उल्लेखनीय रूपमा सुधार हुने छ,' एक दशक लागेको ३१ करोड ३० लाख डलरको यस परियोजनाको रिबन काटेर चिसोबाट जोगिन ज्याकेट लगाएका प्रधानमन्त्री मोदीले भने ।

विश्वका दुई सबैभन्दा बढी जनसंख्या भएका राष्ट्रहरू भारत र चीन दक्षिण एसियामा रणनीतिक प्रभावका लागि प्रतिस्पर्धा गर्ने तीव्र प्रतिद्वन्द्वी हुन् र उनीहरूको तीन हजार ५०० किलोमिटर साझा सीमा तनावको स्थायी स्रोत बनेको छ । सन् २०२० मा दुवै देशका सेनाहरू बीच झडप हुँदा कम्तीमा २० भारतीय र चार चिनियाँ सैनिक मारिए र दुवै पक्षका सेनाहरू आज विवादित उच्च-भूमि सीमा क्षेत्रहरूमा आमनेसामने छन् ।

चिनियाँ राष्ट्रपति सी चिनफिङ र मोदीबीच पाँच वर्षमा पहिलो औपचारिक बैठक हुनुभन्दा केही समयअघि बेइजिङ र नयाँदिल्ली अक्टोबरमा विवादित क्षेत्रहरूमा गस्ती गर्न सहमत भएका थिए । सोही मार्गमा रहेको अर्को १३ किलोमिटर लामो जोजिला सुरुङ आधाभन्दा बढी सम्पन्न भएको छ र सन् २०२६ मा खुल्ने सूचना मन्त्रालयले जनाएको छ ।

जेड-मोड सुरुङमा अक्टोबरमा बन्दुकधारीहरूले सात कामदारको हत्या गरेका थिए । यो विवादित काश्मिरमा दशकौंदेखि चलिरहेको विद्रोहको हिस्सा थियो । मुस्लिम बहुल काश्मीर सन् १९४७ मा ब्रिटिस शासनबाट स्वतन्त्रता प्राप्त गरेपछि भारत र पाकिस्तानबीच विभाजित भएको छ र दुवै देशले यस हिमाली क्षेत्रमाथि पूर्ण दाबी गर्छन् । विद्रोही समूहहरूले काश्मीरको स्वतन्त्रता वा पाकिस्तानसँग विलयको माग गर्दछन् ।

भारतले विश्वकै सबैभन्दा अग्लो चेनाब रेल पुल निर्माणसहित मैदानी भू-भागलाई पहिलोपटक काश्मीरसँग जोड्ने तीन अर्ब ९० करोड डलरको रेलमार्ग पनि निर्माण गरेको छ । २७२ किलोमिटर लामो रेलमार्ग सेनाको उत्तरी कमान्डको मुख्यालय रहेको ग्यारिसन सहर उधमपुरबाट सुरु भई क्षेत्रको राजधानी श्रीनगरसम्म पुग्छ । *रासस/एएफपी*

लस एन्जलस आगलागी

# विस्थापितलाई घर फर्काउन बिहीबारसम्म लाग्ने

**लस एन्जलस-** लस एन्जलसमा लागेको भीषण डढेलो र आगलागीका कारण आफ्नो घरबाट विस्थापित भएका दशौं हजार मानिस कम्तीमा चार दिनसम्म घर फर्कन नसक्ने अधिकारीहरूले आइतबार बताएका छन् । आगलागीमा परी मृत्यु हुनेको संख्या आइतबार रातिसम्म २४ पुगेको छ भने विस्तथापितको संख्या करिब एक लाखको हाराहारीमा रहेको छ ।

यसअघि करिब एक लाख ८० हजारभन्दा बढी व्यक्ति विस्थापित भएकोमा कम जोखिम रहेका क्षेत्रमा मानिसहरू फर्किसकेका छन् । पलिसेड्स फायर र इटन फायरको बीचमा बन्द गरिएको खतरा क्षेत्रमा प्रवेश गर्ने आशामा निराश विस्थापितहरूले चेकप्वाइन्टहरूमा लाइनहरू बनाएका छन् ।

धेरै जना घर फर्कन आतुर छन् किनकि उनीहरूले केही क्षणको सूचना पाएर औषधि वा लुगाफाटा मात्रै लिएर घर छोडेका थिए । कतिपय घरमा छुटेका वृद्ध तथा अशक्त परिवारका सदस्यको अवस्थाबारे जानकारी पाउन उत्सुक छन् ।

लस एन्जलस काउन्टीका अग्नि नियन्त्रक एन्थोनी मारोनले आइतबार भने, 'यस हप्ता हावाहुरीको पूर्वानुमानले आगलागीको आपतकालीन अवस्था अझै सकिएको छैन ।' उनले पत्रकार सम्मेलनमा भने, 'उनीहरू घर जान सक्दैनन्, किनभने अझै बस्तीहरू सुरक्षित छैनन् । जतिसक्दो चाँडो बासिन्दाहरूलाई उनीहरूको घरमा फिर्ता ल्याउनु हाम्रो सामूहिक प्राथमिकता हो ।'

बुधबारसम्म चल्ने तीव्र बतासलाई संकेत गर्दै उनले भने, 'यो कुराकानी अनुमानित रेड फ्ल्याग इभेन्टको अन्त्यसम्म हुने छैन । कृपया निश्चिन्त हुनुहोस् । बिहीबार हामी पुनरुत्थानको बारेमा कुरा सुरु गर्ने छौं ।'

आफ्नो नाम जेनेल बताउने एउटी महिलाले आफ्नो घर आगोले जलेको थाहा पाएको तर प्रत्यक्ष नदेखेको बताउँदै आफ्नो दुःखले आर्जन गरेको सम्पत्तिको प्रत्यक्ष जानकारी लिन चाहेको बताइन् । उनले भनिन्, 'म फोटोहरू देखेको छु । भिडियोहरू पनि देखेको छु तर म यसलाई प्रत्यक्ष घटनास्थलमा पुगेर हेर्न र यसबारे मनमा रहेको आशालाई निर्मूल पार्न चाहन्छु ।'

सम्पादक हेनरी लेभिन्सन प्यासिफिक पालिसडेस छिमेकमा रहेको आफ्नो घर जाने कोसिस गरिरहेका छन् तर अग्निनियन्त्रकहरूले त्यहाँ जान रोकेका छन् । उनीहरूले अझै पनि हुरी लाग्न सक्ने र आगो फैलिन सक्नेबारे चिन्ता व्यक्त गरेका छन् । लस एन्जलस सिटी काउन्सिलर ट्रेसी पार्कले प्रभावितको पीडा आफूले बुझेको तर अवस्था निकै खतरनाक रहेको बताए । 'यो कठिन निर्णय हो र मलाई थाहा छ कि मेरा धेरै घटकहरू निराश छन्, तर सुरक्षा हाम्रो सर्वोच्च प्राथमिकता रहनुपर्छ,' उनले भने ।

गत हप्ता एक लाख ८० हजारको हाराहारीमा रहेका अग्नि नियन्त्रक क्षेत्रमा करिब एक लाख मानिसलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न आदेश दिइएको छ । डढेलोको चपेटामा परेका क्षेत्रहरू तहसनहस भएका छन्, पूरै सडकहरू खरानीमय बनेका छन् र पूर्वाधारहरू नराम्ररी ध्वस्त भएका छन् ।

लस एन्जलस काउन्टीका शेरिफ रोबर्ट लुनाले जोखिमको सम्भावनालाई संकेत गर्दै आफू मातहतका प्रहरी अधिकारीले मानिसहरूलाई डढेलो र आगलागी क्षेत्रबाट बाहिर राख्न निर्देशन दिएको बताए । उनले भने, 'यी मध्ये धेरै क्षेत्रहरू अझै पनि भग्नावशेषकै अवस्थामा रहेका छन् । विद्युत् बगिरहेका बिजुलीका तार, ग्यास लाइन र अन्य खतराका कारण बस्तीमा प्रवेश सहज छैन ।' *रासस/एएफपी*

## मेधा वचत तथा ऋण सहकारी संस्था लिमिटेडको तपसिलका ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्ने ३५ (पैतीस) दिने अत्यन्त जरुरी सूचना

*(प्रकाशित मिति २०८१/१०/०१ गते)*

यस मेधा वचत तथा ऋण सहकारी संस्था लि.बाट शेयर सदस्य तपाईहरूले कर्जा लिई कारोबार गर्नु भएको र यस संस्थासँग गर्नुभएको सम्झौता वमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा व्याजसमेत संस्थाको लेना रकम नतिरी नबुझाई संस्थासँग गर्नुभएको शर्त बन्देजहरू उल्लङ्घन गर्नु भएकोले तपाईलाई संस्थाको नियमानुसार पटक पटक पत्रबाट, फोनबाट र धनजमानीबाट समेत ताकेता गर्दा पनि संस्थाको कर्जा रकम चुक्ता गर्न बेवास्ता गरी बस्नु भएकोले तपाईको नाममा यो ३५ (पैतीस) दिने सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस सहकारी संस्थामा सम्पर्क गरी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा व्याज हर्जना लगायत संस्थाको लेना रकम चुक्ता गर्न आउनुहोला । अन्यथा सहकारी ऐन, नियम, विनियम, कर्जा नीति र यस सहकारी संस्थासँग गर्नु भएको लिखत अनुसार कारवाही गरी लेना रकम असुल उपर गरिनेछ । साथै कर्जामा धनजमानी दिनु हुने धन तपाईले यसै सूचनाबाट जानकारी लिनु भई उक्त कर्जा चुक्ता गर्न गराउनु हुन सूचित गरिन्छ ।

| कर्जावालाको नाम, ठेगाना | ऋणीको फोटो | कर्जावालाको नाम, ठेगाना | ऋणीको फोटो |
|---|---|---|---|
| **सुरज के.सी**<br>**हालको ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३<br>**बाबु** : रत्न बहादुर के.सी.<br>**बाजे** : अम्बर बहादुर के.सी.<br>**स्थायी ठेगाना** : सोलुखुम्बु जिल्ला सल्यान गा.वि.स.वडा नं.३<br>**ना.प्र.नं.** : ४७७/१७०७/९०<br>**जारी मिति** : २०६०/१०/२५, सोलुखुम्बु ।<br>**धन जमानी** : रोशन योन्जन |  | **रामेश्वर धिताल**<br>**हालको ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३<br>**बाबु** : सीताराम धिताल<br>**बाजे** : अग्नी प्रसाद धिताल<br>**स्थायी ठेगाना** : धादिङ जिल्ला छत्रे देउराली वडा नं.८<br>**ना.प्र.नं.** : २५३४–०५०/५१<br>**जारी मिति** : २०५०/०३/०९ धादिङ<br>**धन जमानी** : टोप बहादुर पराजुली |  |
| **मोहन कुमार गिरी**<br>**हालको ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३<br>**बाबु** : प्रदिप कुमार गिरी<br>**बाजे** : जयनन्द गिरी<br>**स्थायी ठेगाना** : बाजुरा जिल्ला कोल्टी वडा नं.३<br>**ना.प्र.नं.** : ३८०/१८८१<br>**जारी मिति** : २०५१/०४/१४ बाजुरा<br>**धन जमानी** : नवराज बराल |  | **ममता गौतम**<br>**हालको ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३<br>**बाबु** : दुर्गा प्रसाद गौतम<br>**बाजे** : दाताराम गौतम<br>**स्थायी ठेगाना** : इलाम जिल्ला न.पा/ गा.वि.स.वडा नं.३<br>**ना.प्र.नं.** : ३९९५०/५०५४<br>**जारी मिति** : २०४७/०२/२८, इलाम<br>**धन जमानी** : रूपादेवी बलमपाली मगर |  |
| **दिल बहादुर श्रेष्ठ**<br>**हालको ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३<br>**बाबु** : गणेश बहादुर श्रेष्ठ<br>**बाजे** : लाल बहादुर श्रेष्ठ<br>**स्थायी ठेगाना** : सिन्धुपाल्चोक जिल्ला चौतारा वडा नं.१<br>**ना.प्र.नं.** १६४८/६९००<br>**जारी मिति** : ०५१/०४/२६,सिन्धुपाल्चोक<br>**धन जमानी** : कविता श्रेष्ठ |  | **नर बहादुर के.सी.**<br>**हालको ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.३<br>**बाबु** : भीम बहादुर के.सी.<br>**बाजे** : अम्बर बहादुर के.सी.<br>**स्थायी ठेगाना** : सोलुखुम्बु जिल्ला थुलुङ दुधकोशी वडा नं.७<br>**ना.प्र.नं.** : २०९१/९३४<br>**जारी मिति** : २०२४/०९/१७ सोलुखुम्बु ।<br>**धन जमानी** : सिताराम ढकाल |  |
| **पुनम कुमारी चौधरी**<br>**हालको ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३<br>**बाबु** : राम नारायण चौधरी<br>**बाजे** : फेन्सी लाल चौधरी<br>**स्थायी ठेगाना** : सुनसरी जिल्ला मधैली वडा नं.१<br>**ना.प्र.नं.** : ९८३४५/९९३४५<br>**जारी मिति** : २०६२/०२/०४, सुनसरी<br>**धन जमानी** : मलेज कुमार चौधरी |  | **बुद्दिलाल ब्लोन**<br>**हालको ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३<br>**बाबु** : चन्द्र बहादुर ब्लोन<br>**बाजे** : तेज बहादुर ब्लोन<br>**स्थायी ठेगाना** : मकवानपुर जिल्ला आमभञ्ज्याङ वडा नं.१<br>**ना.प्र.नं.** : ४३/३१५२८<br>**जारी मिति** : २०६२/१०/१० मकवानपुर<br>**धन जमानी** : सोम माया ब्लोन |  |
| **देव बहादुर गुरूङ**<br>**हालको ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३<br>**बाबु** : दल बहादुर गुरुङ<br>**बाजे** : मैते सिङ गुरुङ<br>**स्थायी ठेगाना** : सुर्खेत जिल्ला तरङगा वडा नं.१<br>**ना.प्र.नं.** : ६४१०१३/१००५७१<br>**जारी मिति** : २०६७/०८/२८ सुर्खेत ।<br>**धन जमानी** : अश्विनी कुमार आचार्य |  | **अजित श्रेष्ठ**<br>**हालको ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३<br>**बाबु** : मान बहादुर श्रेष्ठ<br>**बाजे** : शेस नारायण श्रेष्ठ<br>**स्थायी ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३<br>**ना.प्र.नं.** : १२७४<br>**जारी मिति** : २०५२/०४/२२, काठमाडौं<br>**धन जमानी** : सुरेस कार्की |  |
| **अरूण वादी**<br>**हालको ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३<br>**बाबु** : केशव कुमार वादी<br>**बाजे** : चक्र बाहादुर वादी<br>**स्थायी ठेगाना** : रामेछाप जिल्ला भटौली वडा नं.३<br>**ना.प्र.नं.** : २११०३२/३२४२६<br>**जारी मिति** : २०६९/०४/२९, रामेछाप<br>**धन जमानी** : दिनेश महर्जन | | | |

## माईग्रेशन हरायो

यही मिति २०८१/०८/२५ गते कपुरधारा देखि पुतलीसडक सम्म जाँदा मेरो निम्न व्यहोरा भएको माईग्रेशन सर्टिफिकेट हराएकोले फेला पार्नुहुने महानुभावले निम्न फोन नं. वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु ।

नामः प्रिटीना गुरुङ्ग
ठेगानाः काठमाण्डौं
सिम्बोल नं.: ९२७४१५६४
रजिष्ट्रेशन नं.:७९३२७००३०५६६
सम्पर्क नं.: ९८१३७२३४१२

## घरजग्गा बिक्री सम्बन्धि २१ दिने सुचना

यस श्री भैरब बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको नाममा श्रेष्ता कायम रहेको का.जि.का.म.न.पा. वडा नं. १२, कि.न. ४१९, क्षेत्रफल २७.८३ व.मि. जग्गा र सो जग्गामा बनेको साढे ४ तल्लाको घर समेत बिक्रिमा रहेको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ । ईच्छुक व्यक्ति/सघं संस्थाले संस्थाको कार्यालय तथा फोन नं. ०१-५३५६७०५ मा सम्पर्क गर्नु हुन समेत अनुरोध छ ।

**श्री भैरब बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
**ओन्दे नारायण स्थान, काठमाण्डौं**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मिति २०८१/१०/०१ गते**

**सेकुवा ग्रीण**को मिति २०८१/०२/०५ मा सम्पन्न विशेष/वार्षिक साधारणसभाको निर्णय वमोजिम साविक कम्पनी **(एन.आर.फ्रेन्च हाउस प्रा.लि.)** को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सेकुवा ग्रीन प्रा.लि. (प्रा.लि. नं.१७८५०७)** कायम गरी मिति २०८१/०४/२४ को कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकाले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।


## कुवेत/युएइमा रोजगार

कम्पनी : NATIONAL CATERING COMPANY GENERAL TRADING & CONTRACTING W.L.L — सेवा शुल्कः निःशुल्क

पूर्व स्वीकृति मिति : २०८०/११/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२९ | LT. No. 301174 | चलानी नं.६०२१६०६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 40 | 0 | 140 | ६३,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bakery Man | 10 | 0 | 140 | ६३,१९० | | | | | | | |
| 3 | BUTCHER | 10 | 0 | 140 | ६३,१९० | | | | | | | |
| 4 | CLEANER (INDOOR) | 120 | 0 | 85 | ३८,३६५ | | | | | | | |
| 5 | Cook | 50 | 0 | 140 | ६३,१९० | | | | | | | |
| 6 | Head Waiter | 10 | 0 | 150 | ६७,७०० | | | | | | | |
| 7 | Laundry | 25 | 0 | 120 | ५४,१६० | | | | | | | |
| 8 | Waiter/Waitress | 250 | 50 | 120 | ५४,१६० | | | | | | | |

सेवा शुल्क: निःशुल्क

कम्पनी : FATTOUSH AL-QURAIN FOOD SUPPLES COMPANY — सेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८०/१०/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२९ | LT. No. 299382 | चलानी नं.६०२१४३६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakery Chef | 5 | 0 | 150 | ६७,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Barista | 5 | 0 | 120 | ५४,१६० | | | | | | | |
| 3 | Chef / Cook | 5 | 0 | 150 | ६७,७०० | | | | | | | |
| 4 | Helper / Cleaner | 25 | 0 | 90 | ४०,६२० | | | | | | | |
| 5 | Juice Maker | 5 | 0 | 120 | ५४,१६० | | | | | | | |
| 6 | Waiter | 8 | 0 | 120 | ५४,१६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ८ गते (21st Jan. 2025) मा हुनेछ ।

कम्पनी : BASATIN LANDSCAPING LLC

पूर्व स्वीकृति मिति : २०८१/०६/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२९ | LT. No. 311874 | चलानी नं.६०२२६२६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 50 | 0 | 900 | ६७,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 30 | 0 | 1200 | ५४,१६० | | | | | | | |
| 3 | Forester | 22 | 0 | 1200 | ६७,७०० | | | | | | | |
| 4 | Garden Workers | 26 | 0 | 900 | ४०,६२० | | | | | | | |
| 5 | Horticulturist | 19 | 0 | 1200 | ५४,१६० | | | | | | | |
| 6 | Tile Layer | 30 | 0 | 1200 | ५४,१६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः सुनसरी, इटहरी, Sunsari Training Center मा मितिः २०८१ माघ ८ गते (21st Jan. 2025) मा हुनेछ ।
धनुषा, जनकपुर, Hotel Bhansha Ghar & Family Restaurant मा मितिः २०८१ माघ ९ गते (22nd Jan. 2025) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १० र ११ गते (23 & 24 Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Frontline Recruitment
FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Mob: 9851100134, 9818819581, 9804705263, Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

## युएइमा रोजगार

कम्पनी : YAHIMEE TECHNICAL SERVICES CO. L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०९/२९ | LT. No. 317022 | चलानी नं. ६०२३१२८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Finishing Carpenter | 19 | 0 | 1200 | ४५,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Life Guard | 15 | 0 | 1200 | ४५,२४० | | | | | | | |
| 3 | Painter | 20 | 0 | 1200 | ४५,२४० | | | | | | | |
| 4 | Tile Layer | 20 | 0 | 1200 | ४५,२४० | | | | | | | |
| 5 | Waitress | 0 | 5 | 1200 | ४५,२४० | | | | | | | |

कम्पनी : Al Namaa Buildings Maintenance and Cleaning

पूर्व स्वीकृति मिति : २०८१/०९/२८ | LT. No. 317044 | चलानी नं. ६०२३१२८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electricians (Bldg/indust.) | 3 | 0 | 1300 | ४९,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Finishing Carpenter | 1 | 0 | 1300 | ४९,०१० | | | | | | | |
| 3 | Plumber | 2 | 0 | 1300 | ४९,०१० | | | | | | | |
| 4 | Welder(Tig/arc)( 6g/3g) | 5 | 0 | 1300 | ४९,०१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ८ गते (21st Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


LEADERS — श्रम ईजाजत नं.१६१५/०७९/०८०
Leaders International Recruitment Agency Pvt. Ltd
Kathmandu-3 Maharajgunj, Nepal. Tel: +977- 015916748, Email: leadersnepal1615@gmail.com

## साउदीमा रोजगार

कम्पनी : BRIGHT WAY CAR SERVICES EST

पूर्व स्वीकृति मिति : २०८१/०९/२८ | LT. No. 317082 | चलानी नं. ६०२३१२६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | hermal Insulation LABOUR | 2 | 0 | 1200 | ४४,२६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EASTERN SPIRIT POULTRY ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८१/०९/२५ | LT. No. 316933 | चलानी नं. ६०२३१२६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD & UNLOAD WORKER | 2 | 0 | 1000 | ३६,८८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ८ गते (21st Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्प्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्प्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १५५८०० | प्रति तोला - ० | प्रति तोला - १८६० |



**माघे संक्रान्तिको तयारी** | माघे संक्रान्तिको पूर्वसन्ध्यामा काठमाडौंको असन बजारमा तरुल, तिलौरा चाकुलगायतका सामग्री किन्दै सर्वसाधारण। *तस्बिरः हरिराम भेटुवाल/रासस*

## मालवाहक सवारीसाधन भारवहन कार्यविधि कार्यान्वयनको माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल ट्रक यातायात व्यवसायी महासंघले मालवाहक सवारी साधन भारवहन नियमनसम्बन्धी कार्यविधि-२०७४ लाई कडाइका साथ कार्यान्वयन गर्न आग्रह गरेको छ।

महासंघद्वारा सोमबार आयोजित पत्रकार सम्मेलनमा ७२ घण्टे प्रवेश पास खारेज गर्न माग समेत गरिएको छ। महासंघका महासचिव राजेन्द्रविक्रम बानियाँले भन्सार विन्दुमा नै नेपालको कानुनले तोकेको भारवहन क्षमता जाँच पास गर्ने अधिकारीलाई जिम्मेवार बनाउन आग्रह गरे। उनले भने, 'जीर्ण पुल र जोखिमयुक्त सडकमा स्पष्ट देखिने गरी सडकको क्षमता र चिह्न राखिनुपर्छ।'

महासंघले ट्राफिक प्रहरी, जनपद प्रहरी र यातायात व्यवस्था कार्यालयहरूबाट मालवाहक सवारी साधनले तोकिएको भार वहन गरेका छन् कि छैनन् भनी मान्यता प्राप्त तौल पुल र निकायको लोड सिट समेत जाँच गरिनुपर्ने माग राखेको छ। साथै, अधिक भारवहन गरेको पाइएमा जरिवानासहित अधिक भारलाई 'अनलोड' गर्न लगाई भार मिलान गरेर मात्र अगाडि बढ्न दिनुपर्ने माग समेत गरेको छ।

महासंघद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'ट्राफिक प्रहरी, जनपद प्रहरी र यातायात व्यवस्था कार्यालयहरूबाट मालवाहक सवारी साधनले तोकिएको भारवहन गरेका छन् कि छैनन् भनी मान्यता प्राप्त तौल पुल र निकायको 'लोड' सिट पनि जाँच गरिनुपर्ने माग राखेको छ। साथै, अधिक भारवहन गरेको पाइएमा जरिवानासहित अधिक भारलाई अनलोड गर्न लगाई भार मिलान गरेर मात्र अगाडि बढ्न दिनुपर्छ।'

महासंघले यही पुस २६ गते भारतीय मालवाहक एन.एल.०१ ए एच ५१६१ नम्बरको सवारी साधनले अत्यधिक भार बहन गरी सञ्चालन भएको कारणले दुम्कीवासमा विनय खोलाको पुल भाँचिएर सवारी साधन सञ्चालनमा बाधा पुगेको जनाउँदै सम्बन्धितलाई कारबाही गर्न माग गरेको छ।

राष्ट्र बैंकको अध्ययन

# कोशीमा घट्यो कृषि क्षेत्रफल

■ प्रभाव संवाददाता



**काठमाडौं–** बढ्दो बसाँइसराई र कृषि भूमिमा घर तथा आवास निर्माण गर्ने क्रममा वृद्धि भएपछि कोशी प्रदेशमा कृषि बालीले ढाकेको क्षेत्रफल घटेको छ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा आर्थिक वर्ष २०७९/८० को तुलनामा कोशी प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल एक दशमलव ५५ प्रतिशतले घटेको उल्लेख छ।

आर्थिक वर्ष २०८०/८१ मा नेपालको राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको हिस्सा १५ दशमलव ८४ प्रतिशत हुने केन्द्रीय तथ्यांक कार्यालयको अनुमान छ। गत आर्थिक वर्षमा यस प्रदेशको हिस्सा १५ दशमलव ८८ प्रतिशत थियो।

सो प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको ३२ दशमलव ८० प्रतिशत, उद्योग क्षेत्रको १६ दशमलव ३२ प्रतिशत र सेवा क्षेत्रको ५० दशमलव ८८ प्रतिशत योगदान रहने अनुमान छ।

कृषि भूमि घटन जाँदा धान, मकै, कोदो, आलु, भटमास, सुन्तला, बेसारलगायत बालीले ढाकेको क्षेत्रफल घटेकाले समग्र कृषि बालीले ढाकेको क्षेत्रफल कम भएको हो। कोशी प्रदेशमा समग्र कृषि उपजले ढाकेको क्षेत्रफल मध्ये खाद्य तथा नगदे बालीले ढाकेको क्षेत्रफल ८७ दशमलव ९२ प्रतिशत, तरकारी बालीको पाँच दशमलव ११ प्रतिशत र अन्य बालीले ढाकेको क्षेत्रफल छ दशमलव ९७ प्रतिशत छ। कृषि उपजले ढाकेको कुल क्षेत्रफलमा धान, मकै, गहुँ, र कोदो बालीले ढाकेको क्षेत्रफलको हिस्सा ७१ दशमलव ६४ प्रतिशत छ। आव २०८०/८१ मा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन एक दशमलव १३ प्रतिशतले वृद्धि भएको छ।

विशेष गरी खाद्य बाली अन्तर्गत धान सात दशमलव ४५ प्रतिशत तथा कोदो शुन्य दशमलव ८६ प्रतिशतले वृद्धि भएकाले समग्र कृषि बालीको उत्पादन वृद्धि भएको देखिन्छ। अघिल्लो आर्थिक वर्षको तुलनामा तरकारीको उत्पादन एक दशमलव ९८ प्रतिशत, चियाको उत्पादन शुन्य दशमलव शुन्य एक प्रतिशत, कफीको उत्पादन एक दशमलव २३ प्रतिशत तथा महको उत्पादन शुन्य दशमलव २८ प्रतिशतले बढेको छ भने फलफूलको उत्पादन शुन्य दशमलव ९४ प्रतिशत र मसलाको उत्पादन आठ दशमलव शुन्य तीन प्रतिशतले घटेको छ।

आव २०८०/८१ मा यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफलको ३७ दशमलव तीन प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो सुविधा पुगेको क्षेत्रफल ३६ दशमलव ७४ प्रतिशत रहेको थियो।

कोशी प्रदेशमा कुल सिञ्चित क्षेत्रफल एक दशमलव ५२ प्रतिशतले विस्तार भएको छ। त्यसैगरी दुध उत्पादन १९ दशमलव ९३ प्रतिशत, मासु उत्पादन दुई दशमलव ३० प्रतिशत तथा माछा उत्पादन एक दशमलव २१ प्रतिशतले वृद्धि भएको छ। अण्डा उत्पादन एक दशमलव ७३ प्रतिशत तथा ऊनको उत्पादन छ दशमलव ४३ प्रतिशतले घटेको छ।

यसैगरी, काठको उत्पादन १५ दशमलव २९ प्रतिशतले वृद्धि भएको छ। २०८० असार मसान्तको तुलनामा २०८१ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट कोशी प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जा दुई दशमलव १० प्रतिशतले घटेर रु ५९ अर्ब ९० करोड ७४ लाख ४१ हजार पुगेको छ। गत असार मसान्तसम्म कुल प्रवाहित कर्जामध्ये कृषि क्षेत्रमा प्रवाह भएको कर्जाको अंश १० दशमलव १२ प्रतिशत रहेको छ। यस प्रदेशका नमुना छनोटमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ५२ दशमलव सात प्रतिशत रहेको छ। आव २०७९/८० मा उक्त उद्योगको औसत क्षमता उपयोग ५१ दशमलव एक प्रतिशत रहेको थियो।

उत्पादित वस्तु अनुसार समीक्षा वर्षमा टायर तथा ट्यूव उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा बढी ९१ दशमलव तीन प्रतिशत रहेको छ भने वनस्पती घिउ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम चार दशमलव चार प्रतिशत रहेको छ। अध्ययनमा समेटिएका उद्योगको उत्पादनमध्ये गार्मेन्ट उत्पादन सबैभन्दा बढी छ भने घरेलु धातुका सामानको उत्पादन ४५ दशमलव सात प्रतिशतले घटेको छ।

सो प्रदेशका ४३ वटा उद्योगमा आव २०७९/८० मा १८ हजार चार सय ६१ जना श्रमिक कार्यरत रहेकामा समीक्षा आर्थिक वर्षमा ती उद्योगमा जम्मा १६ हजार नौ सय ५८ जना श्रमिक कार्यरत छन् जुन गत वर्षको सोही अवधिको तुलनामा आठ दशमलव एक प्रतिशतले कम हो। सुनसरी, मोरङ, इलाम, झापा र उदयपुरमा रहेका उद्योगमा श्रमिकले रोजगारी गुमाएका छन। कुल औद्योगिक रोजगारीमध्ये ८३ दशमलव दुई प्रतिशत स्वदेशी र १६ दशमलव आठ प्रतिशत विदेशी कामदारहरूले रोजगारी प्राप्त गरेका थिए । समीक्षा वर्षमा कुल औद्योगिक रोजगारीमा स्वदेशी र विदेशी कामदारको सहभागिता क्रमशः ९१ प्रतिशत र नौ प्रतिशत छ।

केन्द्रीय बैंकका अनुसार, २०८० असार मसान्तको तुलनामा २०८१ असार मसान्तमा कुल औद्योगिक कर्जा आठ दशमलव ११ प्रतिशतले वृद्धि भइ रु एक खर्ब ३९ अर्ब कायम भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त कर्जा छ दशमलव ६४ प्रतिशतले वृद्धि भएको थियो। सो प्रदेशमा वाणिज्य बैंकका सात सय ५४, विकास बैंकका एक सय ९५, वित्त कम्पनीका ३६ तथा लघुवित्त वित्तीय संस्थाका आठ सय ५२ गरी जम्मा एक हजार आठ सय ३७ शाखा पुगेका छन्।

त्यसैगरी २०८० असार मसान्तको तुलनामा २०८१ असार मसान्तमा सो प्रदेशमा अवस्थित बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप परिचालन १३ दशमलव ३८ प्रतिशतले वृद्धि भई रु चार खर्ब ७७ अर्ब र प्रवाह गरेको कर्जा तीन दशमलव ८१ प्रतिशतले वृद्धि भई रु पाँच खर्ब ७८ अर्ब पुगेको छ।

# नागरिक लगानी कोषको साधारणसभा

■ प्रभाव संवाददाता



**काठमाडौं–** नागरिक लगानी कोषको ३० औं वार्षिक साधारणसभा कोष सञ्चालक समितिका अध्यक्ष प्रा.डा.सूर्यबहादुर थापाको अध्यक्षतामा सम्पन्न भएको छ। सभाले आर्थिक वर्ष २०८०/८१ को आम्दानी बाँडफाँड हिसाव विवरणमा छुट्याएको प्रस्तावित सात प्रतिशत बोनस सेयर र ६ प्रतिशत नगद लाभांश (करसहित) स्वीकृत गरेको हो।

त्यसैगरी आ.व २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदनमाथि छलफल गरी पारित भएको छ। योसँगै लेखापरीक्षकको प्रतिवेदनसहितको २०८१ असार मसान्तको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरणमा छलफल गरी पारित भएको हो। सभामा कोष सञ्चालक समितिका अध्यक्ष प्रा.डा.थापाले कोषको कार्यक्रमहरूको थप प्रवर्द्धन गरी स्वरोजगार तथा वैदेशिक रोजगारमा रहेका नेपालीहरूलाई कोषको कार्यक्रममा समावेश गर्दै लगिने बताए।

कोषले पुँजी बजारमा समेत नेतृत्वदायी भूमिका खेलिरहेकोमा सो कार्य आगामी दिनमा थप प्रभावकारी ढंगले बढाइने जानकारी दिए। संगठन तथा व्यवस्थापन (ओ एण्ड एम) गरी मानव संसाधन विकासलाई प्राथमिकतामा राखिने समेत उनले बताए। प्रा.डा.थापाले कोषमा विद्यमान सम्भावना तथा अवसरको उपयोग गर्दै समस्या एवं चुनौतीहरूलाई समाधान गरी लगानी व्यवस्थापन प्रभावकारी रूपमा बढाइरहेको धारणा राखे।

साधारणसभामा सेयरधनीहरूबाट उठाइएका जिज्ञाशाहरूको बारेमा अध्यक्ष प्रा.डा.थापा र कोषका कार्यकारी निर्देशकले जवाफ दिएका थिए।

कार्यक्रममा कोषका कार्यकारी निर्देशक पर्वत कुमार कार्कीले कोषको वस्तुस्थिति बारे बताउँदै सेयरधनीहरूबाट उठाइएका जिज्ञासा तथा सुझावहरूको बारेमा विस्तृत रूपमा जानकारी गराए। कोषले सूचना प्रविधिलाई थप चुस्त बनाउनेतर्फ काम गरिरहेको बताउँदै कृत्रिम बौद्धिकता (ए.आई) को प्रयोग सम्बन्धमा सम्भाव्यता अध्ययन गरिरहेको उनले बताए।

हाल आर्थिक तथा वित्तीय क्षेत्रमा शिथिलता देखिएको अवस्थामा समेत कोषले सेयरधनीलाई तुलनात्मक रूपमा राम्रो लाभांस दिन कोष सफल भएको कार्यकारी निर्देशक कार्कीले बताए। साधारणसभामा प्रस्तुत विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ को असोज मसान्तसम्म कोषको खुद कोष मौज्दात रकम २ खर्ब ६१ अर्ब रूपैयाँ पुगेको छ। उक्त अवधिमा कोषले २ खर्ब ५० अर्ब रूपैयाँ लगानी गरेको छ।

कर्पोरेट

## मुक्तिनाथ विकास बैंकको साधारणसभा



**काठमाडौं (प्रस)–** मुक्तिनाथ विकास बैंक लि.को अठारौं वार्षिक साधारण सभा सम्पन्न भएको छ। बैंकका सञ्चालक समितिका अध्यक्ष भरतराज ढकालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन पारित गर्दै, प्रति सेयर रु. १००/- का दरले रु. १ अर्ब बराबरको मुक्तिनाथ ८.५ प्रतिशत अविमोच्य असञ्चित अग्राधिकार सेयर सम्बन्धित नियमानकारी निकायको स्वीकृति पश्चात जारी गर्ने प्रस्ताव समेत स्वीकृत गरेको छ।

विशेष प्रस्तावको रूपमा रहेको काठमाडौं-२८, कमलादीमा अवस्थित केन्द्रीय कार्यालय, बैंकको नवनिर्मित आफ्नै केन्द्रीय कार्यालय भवन, लाजिम्पाट काठमाण्डौंमा स्थानान्तरण गर्ने लगायतका सबै प्रस्तावहरू सर्वसम्मत रूपले पारित भएका छन् ।

## गरिमाको लाभांश प्रस्ताव पारित



**काठमाडौं (प्रस)–** गरिमा विकास बैंक लिमिटेडको अठारौं वार्षिक साधारणसभा सम्पन्न भएको छ।

उक्त साधारण सभाले प्रस्तुत सम्पूर्ण प्रस्तावहरू सर्वसम्मत पारित गरेको छ। विकास बैंकले आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन सहित शेयरधनीहरूलाई वितरण प्रस्ताव गरेको ५ प्रतिशत (कर सहित) को नगद लाभांस सर्वसम्मत पारित गरेको छ।

त्यसैगरि उक्त साधारण सभाबाट आगामी कार्यकालका लागि संस्थापक शेयरधनीहरूको प्रतिनिधित्व गर्ने ३ जना संचालकहरू दिलिप प्रताप खाँड, श्याम प्रसाद बस्याल र दिपेन्द्र श्रेष्ठ साथै सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने ३ जना संचालकहरू विमल पाण्डे, शोभाकान्त ढकाल र आयुष्मा कोईराला सर्वसम्मतीबाट निर्वाचित गर्ने निर्णय गरेको छ। साधारणसभा पश्चात लगतै बसेको संचालकहरूको बैठकले दिलिप प्रताप खाँडलाई सञ्चालक समितिको अध्यक्ष पदमा सर्वसम्मत मनोनित गर्ने निर्णय गरेको छ।

## आइसिएफसीले पाँच प्रतिशत लाभांश दिने



**काठमाडौं (प्रस)–** आइ.सि.एफ.सि.फाइनान्स लिमिटेडले आफ्नो एक्काइसौं वार्षिक साधारण सम्पन्न भएको छ।

उक्त साधारण सभाबाट आर्थिक वर्ष २०८०/८१ को मुनाफाबाट चुक्ता पुँजीको ५.२६३२५ नगद लाभांश दिने प्रस्ताव सर्वसम्मतबाट पारित गरेको छ। वार्षिक साधारण सभाले आर्थिक वर्ष २०८१/८२ को लागि बाह्य लेखापरीक्षकमा श्री एन.अमात्य एण्ड कं. चार्टर्ड एकाउन्टेन्टस्लाई नियुक्त गरेको छ। संस्थापक समूहबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदमा सुशीलकुमार अर्याल, रचना अधिकारी र अच्युतराज आचार्यलाई आगामी चार (४) वर्षको लागी निर्विरोध निर्वाचित भएका छन्।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ